"कृषि, पर्यटन र पूर्वाधार, स्वच्छ समृद्ध बेनी नगरको मूल आधार"

# बेनी नगरपालिकाको विस्तृत (पार्श्वचित्र)




## बेनी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

# बेनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

# बेनी नगरपालिकाको विस्तृत (पार्श्वचित्र)



२०७८

**परामर्शदाताः**

**खुवा-आर.आई.डि.सी-ग्लोबल इन्जिनीयरिङ कन्सल्टेन्सी जे. भी.**

**ललितपुर - नेपाल**

**फोन/फ्याक्सः ०१ ४७८१७४०**

E-mail: ridc2006@gmail.com

Website: www.ridc.com.np

# आभार

बेनी नगरपालिको कार्यालयले बेनी नगरको नगर आवधिक विकास योजना तयार गर्ने क्रममा नगरको नगरपालिका पार्श्वचित्र तयार गरी मात्र योजनाको प्रतिवेदन तयार गर्ने प्रावधान अनुरुप स्थानीय सरोकारवालाहरूको कार्यशाला गोष्ठी सञ्चालन गरी नगरपालिका वस्तुगत विवरण तयारी कार्यविधि, २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय योजना आयोगको योजना तर्जुमा सम्बन्धी निर्देशिका तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन अनुरुप यस नगरपालिकाको पार्श्वचित्र २०७७ तयार पारिएको छ ।

यस पार्श्वचित्रलाई सफलतापुर्वक लेखन, विश्लेषण तथा अनुसन्धान कार्यमा शुरुवातदेखि अध्ययन टोलीलाई सहयोग गर्नुहुने नगर प्रमुख श्री हरिकुमार श्रेष्ठ, नगर उपप्रमुख श्री सन्जु बरुवाल ज्यूलाई धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु ।

बेनी नगरपालिकाको दस्तावेजमा रहेको द्वितीय स्तरीय सूचनालाई व्यवस्थित गर्नका लागि नगरपालिकाका प्रशासकीय अधिकृत र योजना शाखाका प्रमुखज्यूको सक्रियता एवम् सचेतनता र साथै जनचाहनाको आधारमा सम्भाव्यताको पहिचान गर्न र त्यसको समाधानका लागि विकासका साझेदार हरूसँगको अन्तर-सम्बन्ध र पारदर्शी कार्यशैली अपरिहार्य महसुस गरिएको छ ।

बेनी नगरपालिकाको वस्तुस्थिति विवरणवाट प्राप्त विश्लेषणलाई आवधिक विकास योजनामा उतार्नका लागि पक्षवाट आत्मासात गरी साकार पार्न सबै वर्गले योगदान गर्नु हुनेछ भन्ने कामनाका साथ यो पार्श्वचित्र तयारीका दौरानमा सहयोग गर्नु हुने सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू लगायत पदाधिकारीहरू, वुद्धिजीवी, समाजसेवी, हाम्रा गणक भाइबहिनीहरू ,अग्रज महिला दिदीबहिनी, व्यवसायी, चेतनशील जनसमुदायहरूमा आभार व्यक्त गर्न चाहन्छु ।

**अध्ययन टोली प्रमुख**

# विषयसूची


| | | पाना नं. |
|---|---|---|
| | **आभार** | |
| | **परिच्छेद एक : पार्श्वचित्र निमार्णको अवधारणा, औचित्य र प्रक्रिया** | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | उद्देश्य | १ |
| १.३ | कानुनी तथा नीतिगत आधारहरू | १ |
| १.४ | तयारीका चरणहरू | २ |
| | **परिच्छेद दुई : बेनी नगरपालिकाको चिनारी** | |
| २.१ | परिचय | ६ |
| २.२ | नामकरण | ६ |
| २.३ | नगरपालिकाको सीमाना तथा अवस्थिति | ७ |
| | **परिच्छेद तीन : जनसङ्ख्या विवरण** | |
| ३.१. | वडागत बस्ती विवरण | ८ |
| ३.२ . | वडागत जनसङ्ख्या र घरपरिवार विवरणको अवस्था | ८ |
| ३.३. | लिङ्ग आधारमा घरधुरी विवरण | ११ |
| ३.४. | उमेर समूहको आधारमा जनसङ्ख्या विवरण | १२ |
| ३.५. | मातृभाषाका आधारमा परिवार सङ्ख्याको विवरण | १२ |
| ३.६. | धर्मको आधारमा जनसङ्ख्या विवरण | १३ |
| ३.७. | जातजाति अनुसार घरपरिवार सम्बन्धी विवरण | १४ |
| ३.८. | पेसाको आधारमा जनसङ्ख्याको विवरण | १५ |
| ३.९. | सिप तथा तालिम लिएका जनसङ्ख्या विवरण | १६ |
| ३.१० | आर्थिक रुपले सक्रिय जनसङ्ख्या विवरण | १६ |
| ३.११ | अपाङ्गताको आधारमा जनसङ्ख्या | १७ |
| ३.१२ | बसाइँसराइ | १७ |
| ३.१३ | सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण | १८ |
| ३.१४ | जनसङ्ख्याको आधारमा औसत घरपरिवार सङ्ख्या | १९ |
| | **परिच्छेद चार : आर्थिक विकास** | |
| ४.१ | बजार तथा व्यापारिक केन्द्रहरूको विवरण | २० |
| ४.२ | बैंक तथा वित्तीय संस्था सम्बन्धी विवरण | २१ |
| ४.३ | औसत मासिक पारिवारिक आम्दानी विवरण | २४ |

४.४ औसत पारिवारिक वचत विवरण २४
४.५. विप्रेषणको विवरण २५
४.६. प्रमुख खाद्यान्न बाली सम्बन्धी विवरण २५
४.७. घरको प्रकार सम्बन्धी विवरण २६
४.८. घरको स्वामित्वको आधारमा घरपरिवार सङ्ख्या २७
४.९. अचल सम्पत्तिमा महिलाको स्वामित्व २८
४.१०. बेरोजगारी सम्बन्धी विवरण २८
४.११. खाना पकाउने इन्धन सम्बन्धी विवरण २८
४.१२. वर्तमान भू-उपयोग २९
४.१३. कृषि तथा पशुपालन ३०
४.१४. पशुचौपाया पालन ३१
४.१५. पर्यटन विकास ३२
४.१६. पर्यटकीय स्थलहरूको विवरण
३२

**परिच्छेद पाँच : सामाजिक विकास**

५.१ साक्षरता विवरण ३५
५.२ विद्यालयका बालविकास केन्द्रमा पढ्ने बालबालिकाको सङ्ख्या ३७
५.३ विद्यालयहरूको तहगत(कक्षागत) विवरण ३७
५.४ विद्यार्थी भर्ना सम्बन्धी तहगत विवरण ३९
५.५ विद्यालयमा प्रवेश, कुल र खुद भर्ना दर सम्बन्धी तहगत विवरण ३९
५.६ विद्यालयमा भर्ना नभएका बालबालिकाको सङ्ख्या ४०
५.७ विद्यार्थी उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर सम्बन्धी तहगत विवरण ४०
५.८ विद्यालयमा शिक्षक सम्बन्धी तहगत विवरण ४२
५.९ स्वास्थ्य तथा पोषण ४३
५.१० चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था ४४
५.११ मातृशिशु स्वास्थ्य, पोषण र कुपोषण सम्वन्धी विवरण ४५
५.१२ रोगको प्रकार र अवस्था ४५
५.१३ खोप सम्वन्धी विवरण ४८
५.१४ खानेपानी तथा सरसफाई ४९
५.१५ शौचालय ५०
५.१६ फोहोरमैला व्यवस्थापनमा परिवार सङ्ख्याको विवरण ५१

५.१७ सामाजिक सङ्घसंस्था ५२
५.१८ लैङ्गिक समानता र विकास ५२
५.१९ बालबालिका ५२
५.२० जनचेतनामूलक तालिम प्राप्त गरेको जनसङ्ख्या विवरण ५३

**परिच्छेद छ : वन तथा वातावरणीय स्थिति**

६.१ वन क्षेत्रको अवस्था ५४
६.२ वन वातावरण तथा विपद् व्यवस्थापन ५५
६.३ विपद् व्यवस्थापन ५५

**परिच्छेद सात : पूर्वाधार विकास**

७.१.यातायात पूर्वाधार ५८
७.२.यातायात साधन ५८
७.३.सडक सञ्जाल सम्बन्धी विवरण ५९
७.४.पुल तथा कल्भर्ट सम्बन्धी विवरण ६१
७.५.सञ्चारको साधन सम्बन्धी विवरण ६३
७.६.सञ्चार सेवाको विवरण ६४
७.७.विद्युत सेवा ६५

**परिच्छेद आठ : संस्थागत तथा सुशासन**

८.१.नगरपालिकको सङ्गठनात्मक ढाँचा ६६
८.२.नगरपालिकामा हाल निर्वाचित जनप्रतिनिधिहरूको विवरण ६७
८.३.नगरपालिकामा हाल कार्यरत शाखा प्रमुख कर्मचारीहरूको विवरण ६७

- बेनी नगरपालिका (स्यटेलाइट फोटो)
- बेनी नगरपालिका क्षेत्र नक्सा

**तालिकाहरू**

तालिका १ प्रमुख बस्तीहरू
तालिका २ वडागत जनसङ्ख्या र घरपरिवार विवरण
तालिका ३ वडागत औसत परिवार सङ्ख्या र जनघनत्व
तालिका ४ परिवारमुलीको लिङ्ग आधारमा घरधुरी विवरण
तालिका ५ उमेर अनुसार जनसङ्ख्या विवरण

तालिका ६ मातृभाषाका आधारमा जनसङ्ख्या विवरण

तालिका ७ धर्मका आधारमा जनसङ्ख्या विवरण

तालिका ८ जाताजातीका आधारमा जनसङ्ख्या विवरण

तालिका ९ पेसाका आधारमा जनसङ्ख्या विवरण

तालिका १० काम नगर्ने आधारमा जनसङ्ख्या विवरण

तालिका ११ सिप तथा तालिमका आधारमा जनसङ्ख्या विवरण

तालिका १२ आर्थिक रुपले सक्रिय जनसङ्ख्याको उमेर गत विवरण

तालिका १३ अपाङ्गताको परिचयपत्र आधारमा जनसङ्ख्या विवरण

तालिका १४ अपाङ्गताको प्रकारका आधारमा जनसङ्ख्या विवरण

तालिका १५ जनसङ्ख्याको आधारमा औसत घरपरिवार विवरण

तालिका १६ बजार तथा व्यापारिक केन्द्रहरूको विवरण

तालिका १७ बैंक तथा वित्तीय संस्था सम्बन्धी विवरण

तालिका १८ औसत मासिक आम्दानी (रुपैयाँ) सम्बन्धी विवरण

तालिका १९ औसत मासिक खर्च (रुपैयाँ) सम्बन्धी विवरण

तालिका २० पारिवारिक खर्च धान्न अपनाइएका वैकल्पिक विधि सम्बन्धी पारिवारिक विवरण

तालिका २१ घरको किसिमका आधारमा घरधुरी विवरण

तालिका २२ घरको स्वामित्वका आधारमा घरधुरी विवरण

तालिका २३ बेरोजगारका आधारमा जनसङ्ख्या विवरण

तालिका २४ खाना पकाउने इन्धन उपभोगका आधारमा घरधुरी विवरण

तालिका २५ भू-उपयोग सम्बन्धी विवरण

तालिका २६ सिञ्चित क्षेत्रका विवरण

तालिका २७ पशुचौपाया सम्बन्धी विवरण

तालिका २८ साक्षरता सम्बन्धी जनसङ्ख्या विवरण

तालिका २९ बालविकास केन्द्रमा अध्ययनरत विवरण

तालिका ३० विद्यालयहरूको तहगत (कक्षागत) विवरण

तालिका ३१ विद्यार्थी भर्ना सम्बन्धी तहगत विवरण

तालिका ३२ विद्यार्थी प्रवेश र कुल भर्ना दर सम्बन्धी तहगत विवरण

तालिका ३३ विद्यालयमा सहजै देखिने प्रवेश र खुद भर्ना दर सम्बन्धी तहगत विवरण

तालिका ३४ विद्यालयमा भर्ना नहुने बालबालिका सम्बन्धी विवरण

तालिका ३५ आधारभूत तह (१-५ सम्म)मा विद्यार्थी उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर सम्बन्धी तहगत विवरण

तालिका ३६ आधारभुत तह(६-८ सम्म) र माध्यमिक तह(९-१० सम्म) मा विद्यार्थी उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर सम्बन्धी तहगत विवरण

तालिका ३७ शिक्षक सम्बन्धी तहगत विवरण

तालिका ३८ स्वास्थ्य संस्था सम्बन्धी विवरण

तालिका ३९ गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण सम्बन्धी विवरण (आ.व.२०७१/२०७४)

तालिका ४० एक वर्षभित्र बिरामी भई स्वास्थ्यचौकीमा उपचार गराउने जनसङ्ख्या विवरण

तालिका ४१ एक वर्षभित्र स्वास्थ्यचौकी मार्फत् खोप सेवा प्राप्त गर्ने विवरण

तालिका ४२ खानेपानीको पहुँचका आधारमा घरधुरी विवरण

तालिका ४३ शौचालय प्रयोग गर्ने घरधुरी विवरण

तालिका ४४ फोहोरमैला व्यवस्थापनका आधारमा घरधुरी विवरण

तालिका ४५ जनचेतनामूलक तालिम प्राप्त गरेका जनसङ्ख्या विवरण

तालिका ४६ वन जङ्गल सम्बन्धी विवरण

तालिका ४७ पुनःनिर्माण सम्बन्धी विवरण

तालिका ४८ प्राकृतिक प्रकोपको जोखिमका आधारमा घरधुरी विवरण

तालिका ४९ विमानस्थल सम्बन्धी विवरण

तालिका ५० सडक सञ्जाल सम्बन्धी विवरण

तालिका ५१ पुल तथा कल्भर्ट सम्बन्धी विवरण

तालिका ५२ सञ्चार माध्यमको विवरण

तालिका ५३ बत्तीको स्रोतका आधारमा घरधुरी विवरण

तालिका ५४ निर्वाचित जनप्रतिनिधिहरूको विवरण

तालिका ५५ नगरपालिकामा कार्यरत कर्मचारीहरूको विवरण

**<u>चित्रहरू</u>**

चित्र १ : वडा अनुसार जनसङ्ख्या वितरण

चित्र २ : परिवारमूलीको लिङ्ग आधारमा घरधुरी विवरण

चित्र ३ : मातृभाषाका आधारमा घरधुरी विवरण

चित्र ४ धर्मका आधारमा जनसङ्ख्या विवरण

चित्र ५ : घरको किसिमको आधारमा घरधुरी विवरण

चित्र ६ : घरको स्वामित्वको आधारमा घरधुरी विवरण

चित्र ७ : साक्षरता सम्बन्धी जनसङ्ख्या विवरण

चित्र ८ : नगरपालिकाको सङ्गठनात्मक विवरण

# परिच्छेद :एक

# पार्श्वचित्र निमार्णको अवधारणा, औचित्य र प्रक्रिया

## १.१ पृष्ठभूमि :

नेपालको संविधान अनुसार नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन, स्थानीय तह शासन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक तथा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार स्थानीय तहको पार्श्वचित्र निर्माण, रणनीतिक/आवधिक, एकीकृत एवम् वार्षिक योजना तर्जुमाका अधिकार र आधारहरू प्रदान गरेको छ । नतिजा अनुगमन, क्षेत्रगत स्थिति मूल्याङ्कन, वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तर्जुमासहित अन्य मानवीय र भौतिक विकासका अवयव लगायतका कार्यहरू सञ्चालन गर्न पनि स्थानीय तहको वस्तुगत विवरण तयारी आवश्यक रहेको छ । यही आवश्यकता परिपूर्तीको लागि बेनी नगरपालिकाको जनसङ्ख्या, भौगोलिक अवस्था, समाजिक विशेषता, प्राकृतिक सम्पदा, आर्थिक अवस्था, विकासको स्थिति आदि स्पष्ट हुने आधार भूत तथ्याङ्क, सूचक वा आधाररेखाको विवरण रहेको दस्तावेज नै बेनी नगरपालिकाको वस्तुगत विवरण हो । यस विवरणमा बेनी नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासका क्षेत्रमा नगरपालिका भित्र रहेका भौतिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक, सामाजिक, मानवीय स्रोत साधनहरूको तथ्याङ्कको विश्लेषण र प्रस्तुति संलग्न रहेको छ ।

## १.२ उद्देश्य :

नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ ले राखेको उद्देश्य अनुरुप नै बेनी नगरपालिकाको वस्तुगत विवरण तयारीको उद्देश्य रहेको छ । विकास प्रक्रिया तथा सेवा प्रवाहका लागि नीति, रणनीति, योजना तथा कार्यक्रमहरू तयार गर्न अत्यावश्यक आधारभूत तथ्याङ्क, सूचना वा विवरण सङ्कलन, विश्लेषण तथा व्यवस्थापनका न्यूनतम विषयहरूमा एकरुपता र स्तरीयता कायम गरी तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्नु मुख्य उद्देश्य हो । स्थानीय योजना तर्जुमा तथा अनुगमनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजामूलक, सहभागितामूलक र प्रभावकारी बनाउन वस्तुगत विवरणले निर्णयकर्ता तथा विकास प्रदायक संस्थालाई महत्वपूर्ण आधार प्रदान गर्दछ । तसर्थ वस्तुगत विवरणमा योजना तर्जुमा, नतिजा अनुगमन तथा सेवा प्रवाहको लागि आवश्यक आधारभूत विवरण सङ्कलन गर्ने र निश्चित अवधिमा त्यसलाई अद्यावधिक गर्दै उपलब्ध स्रोत साधनको अधिकतम उपयोग सुनिश्चित गर्नु यस बेनी नगरपालिकाको वस्तुगत विवरण तयारीको उद्देश्य रहेको छ ।

## १.३ कानुनी तथा नीतिगत आधारहरू :

बेनी नगरपालिकाको वस्तुगत विवरण तयारी स्थानीय सरकार सञ्चालन ऐन २०७४को परिच्छेद ६ ले गरेको व्यवस्था, नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, नेपालको संविधान र त्यसको अनुसूची ८ र ९, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, तथ्याङ्क ऐनजस्ता कानुनी र नीतिगत व्यवस्था र साविकमा गाउँ, नगर र जिल्लाको वस्तुगत विवरण तयारीमा अभ्यास गरिएको ढाँचा, विधि तथा प्रक्रियालाई प्रमुख आधारको रुपमा लिई तयारी गरिएको छ ।

## १.४ तयारीका चरणहरू :

नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ ले वस्तुगत विवरण तयारीलाई चरणबद्ध, व्यवस्थित र सहभागितामूलक बनाउने उद्देश्यका साथ निर्धारण गरेको विभिन्न सात चरणहरूलाई अवलम्वन गर्दै यस नगरपालिकाको वस्तुगत विवरण तयार गरिएको छ । नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ का विभिन्न चरणहरू निम्न लिखित रहेका छन् :

### १.४.१ वस्तुगत विवरण ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि तयारी :

स्थानीय वस्तुगत विवरण किन, कसरी, कहिले र कसले गर्ने भनी सबै तहगत प्रक्रिया निर्धारण गर्न शुरुवाती चरणमा वस्तुगत विवरणको सूचकगत स्तरीय ढाँचा, तथ्याङ्क सङ्कलन/सर्वेक्षण औजार र कार्यविधि तयारी गरिएको छ । यस अन्तर्गतका कार्यहरू देहायबमोजिम छन् :-

(अ) नगरपालिका क्षेत्रको भौगोलिक अवस्था, जनसङ्ख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तुस्थिति झल्कने र भौगोलिक (वडा) तथा सामाजिक (लैङ्गिक र जातिगत) रुपमा खण्डीकृत विवरण खुल्ने गरी विषय सूची बमोजिमको वस्तुगत विवरणको स्तरीय ढाँचा स्वीकृत ।

(आ) स्वीकृत वस्तुगत विवरणको स्तरीय ढाँचामा उल्लेख भएका विवरण तयार गर्न विश्वसनीयता र उपलब्धताका आधारमा तथ्याङ्कका स्रोतहरूको आँकलन गरी देहाय बमोजिमका स्रोतबाट सूचना प्रविधिमा आधारित तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको छ :-

१. घरपरिवार सर्वेक्षण तथ्याङ्क २०६८, केन्द्रीय तथ्याङ्क विभाग

२. संस्थागत सर्वेक्षण (नगरपालिकको कार्यालय, डिभिजन तथा जिल्ला स्थित विषयगत कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था, वैंक तथा औद्योगिक/व्यावसायिक प्रतिष्ठान, केन्द्रीय तथ्याङ्क विभाग तथा मातहतका कार्यालय, सङ्घ संस्था, सामुदायिक संस्था आदिको अभिलेख तथा उपलब्ध विवरण)

३. सहभागितामूलक लेखाजोखा सर्वेक्षण (जानिफकार अन्तरवार्ता, लक्षित समूह छलफल, स्थलगत अध्ययन, समूहगत छलफल आदि)

(इ) केन्द्रीय तथ्याङ्क विभाग तथा अन्तर्गतका कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय, डिभिजन तथा जिल्लास्थित विषयगत कार्यालय, विद्यालय, स्रोत केन्द्र, सेवा केन्द्र, चौकी, सङ्घ संस्था तथा समुदायमा आधारित संस्था आदि सबैको अभिलेख तथा प्रतिवेदन, नापी विभागबाट प्रकाशित नक्सा तथा विभिन्न अध्ययन तथा सर्वेक्षण प्रतिवेदनबाट संस्थागत विवरण (द्वितीय स्रोत तथ्याङ्क) सङ्कलन गरिएको छ ।

(ई) जानिफकार अन्तरवार्ता, लक्षित समूह छलफल, स्थलगत अध्ययन, समूहगत छलफल आदि जस्ता सहभागितामूलक लेखाजोखा विधि प्रयोग गरी पारिवारिक विवरण तथा संस्थागत विवरणबाट थप सूचना सङ्कलन गरिएको छ ।

(उ) बेनी नगरपालिकाले वस्तुगत विवरण तयारी गर्नु पूर्व नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ को विषय सूची बमोजिमको स्तरीय ढाँचा, अनुसूची १ बमोजिमको तथ्याङ्क सङ्कलन फाराम र यस कार्यविधिमा उल्लिखित प्रक्रिया नगर कार्यपालिकाको स्वीकृति लिई सम्पन्न गरिएको छ । यसरी स्वीकृत गर्दा वस्तुगत विवरणको कानुनी तथा नीतिगत आधार, तयारी गोष्ठी, तथ्याङ्क सङ्कलन, भण्डारण, प्रशोधन, विश्लेषण, प्रमाणीकरण कार्यशाला र अन्तिम प्रतिवेदन प्रकाशनका कार्यहरूसमेत समावेश भएको छ ।

## १.४.२ वस्तुगत विवरण तयारी गोष्ठी तथा कार्ययोजना स्वीकृति

वस्तुगत विवरण तयारीको उद्देश्य, अवधारणा, कानुनी तथा नीतिगत आधार, तयारी विधि तथा प्रक्रिया, तथ्याङ्क सङ्कलन फाराम र सूचना प्रविधि, सरोकारवालाहरूको पहिचान तथा भूमिका र कार्ययोजना सम्बन्धमा प्रस्तुति तथा सहभागितामूलक ढंगले छलफल भयो । कार्यशालामा सिलसिलेवार रुपमा उपरोक्त विषयहरूको प्रस्तुति र छलफलमा सहजीकरण गरी साझा धारणा, बुझाई र प्रतिवद्धता कायम गरिएको छ । वस्तुगत विवरण तयारी कार्यशालामा नगरपालिकाका प्रमुखले तोके बमोजिम देहाय बमोजिमको सहभागिता गराइएको थियो :-

१) नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख

२) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत

३) वडा अध्यक्षहरू

४) विषयगत कार्यालयका प्रमुखहरू

५) नगरपालिकाबाट छनौट गरिएका स्थानीयस्तरका जानकार विशेषज्ञ/ नागरिक समाजका अगुवा व्यक्तिहरू

६) सङ्घ संस्थाका प्रतिनिधित्व हुने गरी प्रमुखले आमन्त्रण गरेका प्रतिनिधिहरू

७) स्थानीय स्तरमा क्रियाशील राजनीतिक दलका प्रमुखहरू

### १.४.३ तथ्याङ्क सङ्कलन

वस्तुगत विवरणकालागि नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४ बमोजिम निर्धारित फाराम प्रयोग गरी आवश्यक तथ्याङ्क, सूचना वा विवरण सङ्कलन गरिएको छ । नगरपालिकाको वस्तुगत विवरणको स्तरीय सूचकगत ढाँचा अनुसार मुख्य गरेर संस्थागत सर्वेक्षण गरी प्राथमिक र द्वितीय दूई प्रकारका स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी तथ्याङ्क सङ्कलन गर्ने क्रममा नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम नगर कार्यपालिकाको सूचना शाखाका प्रमुखसँग आवश्यक समन्वय, संयोजन र व्यवस्थापन गरिएको छ । साथै वस्तुगत विवरण तयारी तथा अद्यावधिक गर्न प्राथमिक स्रोतबाट सूचना सङ्कलन गर्न जोड दिइएको तथा प्राथमिक स्रोत उपलब्ध नहुने अवस्थामा द्वितीय स्रोत मार्फत् विवरण सङ्कलन गरिएको छ । जसमा निम्न लिखित स्रोतलाई प्राथमिक स्रोत तथा संस्थागत/आधारभूत (द्वितीय स्रोत) को रुपमा लिई सूचना सङ्कलन गरिएको छ :

प्राथमिक स्रोत

१. अन्य सर्वेक्षण (जानिफकार तथा लक्षित समूह अन्तरवार्ता, सहभागितामूलक लेखाजोखा र अन्य)

द्वितीय स्रोत

१.केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गर्ने जनसङ्ख्या सर्वेक्षण, गणना तथा अन्य आर्थिक सर्वेक्षण प्रतिवेदनहरू ।

२. जिल्लास्तरमा विषयगत कार्यालय र सरोकारवालाहरूबाट प्रकाशित प्रगति प्रतिवेदन, विवरण तथा अभिलेखहरू ।

३. प्रमाणित भएका अनुसन्धान र संस्था वा अनुसन्धानकर्ताका प्रकाशनहरू ।

४. पर्यटकीय क्षेत्र प्रवर्द्धनको लागि प्रकाशन भएका प्रमाणित सूचना पुस्तिकाहरू ।

५. आधिकारिक तथा विश्वसनीय अन्य प्रतिवेदन तथा प्रकाशनहरू ।

### १.४.४ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्सा तयारी

(१) सहभागितामूलक लेखाजोखा तथा संस्थागत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई कम्प्युटरको MS Excel सिटमा तथ्याङ्क प्रशोधन गरी तथ्याङ्क शास्त्रीय विधिबाट विश्लेषण गरिएको छ ।

(२) उपरोक्त विधि अनुसार संकलित तथ्याङ्कको प्रशोधन तथा विश्लेषण विज्ञहरूबाट गरिएको छ ।

(३) विश्लेषणबाट प्राप्त सूचनाहरूलाई विषय सुची बमोजिम खण्डीकृत गरिएको छ ।

(४) तथ्याङ्क प्रशोधन तथा विश्लेषणबाट प्राप्त सूचना तथा विवरणलाई आवश्यकता अनुसार उपयुक्त तालिका, सूचकाङ्क, रेखाचित्र, नक्सा वा अन्य उपयुक्त स्वरुपमा प्रस्तुत गरिएको छ ।

(५) सम्भव भएसम्म विश्लेषणबाट प्राप्त सूचनालाई कम्तीमा दुई समयको अन्तरालमा वा केन्द्रीय

विवरणसँग तुलना गरी प्रस्तुत गरिएको छ ।

(६) सङ्कलित तथ्याङ्कको प्रशोधन, विश्लेषण र प्रस्तुतिका विज्ञ तथा प्राविधिकहरूको टोलीद्वारा गरिएको छ ।

ख) स्रोत नक्सा तयारी

नगरपालिकाको स्थानगत तथा वस्तुगत विशेषता दर्साउने विवरणलाई नक्सामा प्रस्तुत गरिएको छ । वस्तुगत विवरणमा उल्लेखित सूचनालाई नक्सामा प्रस्तुत गरी स्रोत नक्सा तयार गरिएको र स्रोत नक्सालाई नगरपालिकाको वस्तुगत विवरणको महत्वपूर्ण भागको रुपमा देहाय बमोजिम तयार गरिएको छ :

(क) वस्तुगत विवरणमा प्रस्तुत स्थानीय प्राकृतिक, भौतिक, सांस्कृतिक स्रोत साधनहरूको अवस्थिति एवम् सामाजिक र आर्थिक अवयवहरूको स्थानगत स्थिति झल्काउने देहायका विवरणलाई नक्सामा प्रस्तुत गरी स्रोत नक्सा तयार गरिएको छ :-

१) प्राकृतिक स्रोत साधन (वन जङ्गल, नदीनाला, तालतलैया, पोखरी, सिमसार, खानी, कृषि, चरन क्षेत्र आदि),

२) सांस्कृतिक सम्पदा (मठमन्दिर, धार्मिक तथा सांस्कृतिक स्थल आदि),

३) पूर्वाधार विकास (पैदल मार्ग, सडक, पुल, कलभर्ट, नहर, कुलो, खेल मैदान, आवास तथा खुल्ला क्षेत्र आदि),

४)सेवा केन्द्रहरू (नगरपालिका केन्द्र, अस्पताल/स्वास्थ्य केन्द्र, विद्यालय/शैक्षिक संस्था, सेवा केन्द्र, बैंक तथा वित्तीय सस्था, बैंकको एटीएम (ATM), सामुदायिक भवन, क्लव आदि)

(ख)माथि उल्लेख गरिए बमोजिमको विवरणलाई स्रोत नक्साको रुपमा प्रस्तुत गर्दा विद्युतीय स्वरुप/ भौगोलिक सूचना प्रणाली (जिआइएस) मा समेत तयार गरिएको छ।

(ग)Global Positioning System (GPS) Survey, Google Earth Survey,नापी विभागले तयार गरेको GIS Database लाई आधार मानी GIS Software प्रयोग गरेर जिआइएसमा आधारित स्रोत नक्सा बनाइएको छ ।

घ) स्रोत नक्सामा समावेश गर्नु पर्ने नक्साहरूको विवरण र तयारी विधि नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ अनुसूची ७ बमोजिम गरिएको छ ।

### १.४.५ वस्तुगत विवरणको मस्यौदा तयारी

वस्तुगत विवरणको ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि, वस्तुगत विवरण तयारी कार्यशाला, तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रियाको अन्तिम परिणाम वस्तुगत विवरण प्रतिवेदन कार्यविधिमा दिइएको ढाँचा अनुसार तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचना तथा विवरण र स्रोत नक्साको आधारमा वस्तुगत

विवरणको मस्यौदा तयार गरिएको छ ।

### १.४.६ वस्तुगत विवरण सुझाव सङ्कलन

वस्तुगत विवरणको ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि, वस्तुगत विवरण तयारी कार्यशाला, तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रियाको अन्तिम परिणाम वस्तुगत विवरण प्रतिवेदन कार्यविधि मा दिइएको ढाँचा अनुसार तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचना तथा विवरण र स्रोत नक्साको आधारमा वस्तुगत विवरणको मस्यौदा तयार गरिएको छ । तथ्याङ्क विश्लेषण गरी प्राप्त भएको सूचनालाई क्षेत्रगत, लैङ्गिक तथा सामाजिक आधारमा खण्डीकृत गरी निर्धारित ढाँचा बमोजिमका तालिका, सूचकाङ्क, ग्राफ र चित्र, नक्सा, आदि बीच तार्किक सम्बन्धको आधारमा क्रमबद्ध तरिकाले प्रस्तुत गरिएको छ। तथ्याङ्क विश्लेषणका क्रममा कुनै विवरण अधुरो, अस्पष्ट र विरोधाभासपूर्ण देखिएमा सो तथ्याङ्कलाई सरोकारवालासँग पुनः छलफल गरी निक्र्यौल गरिनेछ । वस्तुगत विवरणलाई प्रस्तुत गर्न, बुझ्न र प्रयोग गर्न सजिलो हुने गरी उपयुक्त भाग, खण्ड र उपखण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ । वस्तुगत विवरण तयारी कार्यसँग सम्बन्धित कागजात तथा प्रयोगमा आएका औजार (फाराम) हरूलाई अनुसूचीमा र प्रयोग भएका दस्तावेजहरूको विवरणलाई अनुसन्धान पद्धतिको मान्यता अनुरुप सन्दर्भ सामग्रीको सूचीमा राखिएको छ ।

### १.४.७ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी

प्रमाणीकरण कार्यशालाबाट प्राप्त भएका सुझाबहरूलाई समावेश गरी देहायअनुसार वस्तुगत विवरणलाई अन्तिम रुप दिइने छः-

(क) मस्यौदा प्रतिवेदनमा परिमार्जन गर्नुपर्ने विषयहरू, कार्यशालाबाट प्रस्तुत सुझावहरू बारे सम्बन्धित सरोकारवालाहरूसँग आवश्यकतानुसार पुनः परामर्श गरी वस्तुगत विवरणलाई पूर्णता दिइनेछ ।

(ख) वस्तुगत विवरणको स्तरीयता र गुणस्तर सुनिश्चितताका लागि विज्ञहरूका सुझावहरूलाई समेत ध्यान दिई समावेश गरिनेछ ।

(ग) वस्तुगत विवरणको विद्युतीय प्रति तयार भई सकेपछि सो प्रतिवेदनलाई नगरपालिकाले सार्वजनिक गरी आवश्यकता अनुसार छाँया प्रति, विद्युतीय वा छापा माध्यमबाट प्रकाशन गर्नेछ ।

# परिच्छेद दुई : नगरपालिकाको चिनारी

## २.१ परिचय

बेनी नगरपालिका गण्डकी प्रदेशको पर्यटकिय नगरी पोखराबाट ८१ किलोमिटर उत्तर पश्चिममा रहेको म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारको आसपासमा रहेका तत्कालिन अर्थुगे, रत्नेचौर, ज्यामरुककोट, सिँगा, पुलाचौर, घतान, भकिम्ली र पात्लेखेत गा.बि.स.लाई समेटी नेपाल सरकारले २०७१ साल बैशाखमा बेनी नगरपालिका घोषणा गरेको हो । यस नगरपालिकालाई विभिन्न १० वडामा बिभाजन गरिएको छ । बेनी पैलादेखिनै जिल्ला सदरमुकाम भएकोले जिल्लाका अधिकांश सरकारी कार्यालयहरू यस नगरपालिका भित्ररहेका छन । साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सङ्घसस्थाहरूको कार्यालय, बैंक तथा वित्तीय संस्थाहरू उच्च शिक्षालयहरू तथा दर्जनौ सामुदायिक तथा संस्थागत शैक्षिक सस्थाहरू यस नगरपालिकाभित्र रहेका छन् ।

बेनी नगरपालिका भित्र नेपालका हिमनदी कालिगण्डकी, म्याग्दी खोला, रघुगङ्गा खोलाहरू बगिरहेका छन् । जाति, भाषा, सस्कृति तथा धर्मको दृष्टिकोणले साझा फुलवारी जस्तै रहेको यस नगरपालिका भित्र ब्राहमण, क्षेत्री, नेवार, थकाली, गुरुङ, मगर, विश्वकर्मा, दर्जी, किसान, मुसलमान लगायतका जातीको बसोबास रहेको छ । आफ्नो जातिय परंपरा र संस्कृतीलाई अनुशरण गर्दै आएका यहाँका मानिसहरू मातृभाषाको रुपमा नेवारी, थकाली, गुरुड०, मगर भाषा बोल्ने गरेको पाईन्छ ।




बेनी नगरपालिका (स्यटेलाइट फोटो )

## २.२ नामकरण

नेपाल सरकारले शहरीकरण हुँदै गएका बस्तीहरूलाई नगरपालिका घोषणा गर्ने कार्यक्रम अन्तर्गत बेनी नगरपालिकाको घोषणा गरेको हो । बेनी बजार म्याग्दी जिल्लाको सदरमुकाम भएको साथै प्राचनि बजार समेत भएकाले निर्विवाद यस नगरपालिकाको नाम बेनी नगरपालिका नामकरण गरिएको हो । तीन नदीको सङ्गमस्थललाई त्रिवेणी भनेझैँ कालीगण्डकी र म्याग्दी नदीको सङ्गमस्थललाई बेनी भनिने आधार रहेको छ ।

## २.३ नगरपालिकाको सीमाना तथा अवस्थिति

यस नगरपालिकाको पूर्वमा( कालिगण्डकी नदी र पर्वत जिल्ला, पश्चिममा - मङ्गला गाँउपालिका, उत्तरमा - रघुगङ्गा नदी र रघुगङ्गा गाउँपालिका र दक्षिणमा - बाग्लुङ जिल्ला पर्दछ । भौगोलिक अवस्थिती, अक्षांस - २८°२२'३०" उत्तर र देशान्तर - ८३°३४'००" पूर्वमा अवस्थित छ। यस नगरपालिकाको समुद्र सतहदेखिको उचाई ८९९ मिटरदेखि २३०० मिटरसम्ममा पर्छ भने यसको कुल क्षेत्रफल ७६.५७ वर्ग कि.मी. रहेको छ। यस नगरपालिकाको भौगोलिक स्वरुप भिरालोपनलाई आँकलन गर्दा ५० प्रतिशतभन्दा धेरै भूभाग ४५ डिग्रीभन्दा बढी भिरालोयुक्त र झन्डै ५ प्रतिशत भूभाग मात्र समथर रहेको छ।




बेनी नगरपालिका क्षेत्र नक्सा

परिच्छेद तीन

# जनसङ्ख्या विवरण

## ३.१. वडागत बस्ती विवरण

बस्ती भन्नाले समाजको एक अङ्गको रुपमा रहेको हुन्छ, कुनै पनि ठाउँमा निश्चित क्षेत्र ओगटेर बसेका जनसङ्ख्याको समूहलाई जनाउँदछ । परिवार, घर तथा टोल मिलेर एउटा बस्तीको संरचना हुन्छ । बस्ती भन्नाले त्यो स्थान भन्ने बुझिन्छ जहाँ भौतिक तथा जैविक पर्यावरणको अवस्थिति तथा सन्तुलन रहेको हुन्छ । वास्तवमा कुनै पनि क्षेत्रको विकास तथा बिस्तार हुनको लागि त्यस क्षेत्रमा रहेका बस्तीको ठुलो योगदान रहेको हुन्छ । सोही बस्तीको अनुपम रुपलाई आधार बनाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले योजना तर्जुमाको लागि बस्ती भेलालाई अनिवार्य गरेको छ । थोपा थोपा मिलेर जसरी सागर बनेको हुन्छ त्यसैगरी बस्ती बस्ती मिलेर वडा अनि वडा वडा मिलेर सिङ्गो नगरपालिकको स्वरुप तयार भएको हुन्छ । यस नगरपालिकामा रहेका १० वटा वडामा अवस्थित प्रमुख बस्तीहरूको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ : प्रमुख बस्तीहरू

| वडा | प्रमुख बस्तीहरू |
|---|---|
| १ | रत्नेचौर, लामगरा, अर्जम, हुलाकेडाँडा, खबरा |
| २ | गौंस्वाँरा, सानालेक, भकुण्डे, फापरखेत, खबरा, बगरफाँट |
| ३ | मुसुङ, डोलेछेपाल, भुकभुके, सिम, भकिम्ली, चिनाखेत, डाँडाखोला, हल्लेगौडा, दुधेखोला, छापा, राखु, ठोटनेरी, रातोखोला |
| ४ | तातोपानी, सिँगा, डाँडाखेत, थामडाँडा, सुर्केमेला, राक्से |
| ५ | पुलाचौर, पुरुन्डी, भीरमुनि, नयाँगाउँ, चिप्लेटी, डडुवा |
| ६ | डम्मरा, अर्थुङ्गे, कोठेसाँघु, चुत्रेनी, छापा, राउओडा, थाकनपोखरी, एकपाटे, बाँसबोट, जामुनाखर्क |
| ७ | शन्तिटोल, हुलाकचोक, इन्द्रेनी टोल, बैंक रोड, शिवालय टोल, आवारोड, वीरेन्द्रचोक, सङ्गम चोक, न्यूरोड, कुरिलाखर्क, मिलन टोल, न्यू मङ्गला टोल |
| ८ | बजार क्षेत्र, हिल साइड, खैरेनी, एकपाटे, डल्लेपिपल, कालीपुल |
| ९ | नेप्टेचौर, काहुलेगौंडा, गलेश्वर, तोरीपानी, काफलबोट, डावा, ढोल्ठान, तीनमान्य, स्याँलीखेत, नीलदह, डल्लीपोखरी, जमरेनी |
| १० | ओख्ले, डाँडागाउँ, भाइथोक टोल, पाइजा गाउँ, चनौटे, वाखेत, पात्लेखेत |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

## ३.२. वडागत जनसङ्ख्या र घरपरिवार विवरणको अवस्था

घरधुरी सर्वेक्षण २०७६ अनुसार नगरपालिकाको सबैभन्दा वढी जनसङ्ख्या भएको वडा नं ८ हो, जसमा पुरुष २५९१ र महिला २८३८ गरी जम्मा ५४२९ रहेको देखिन्छ। यसैगरी सबैभन्दा कम जनसङ्ख्या रहेको वडा नं १० रहेको छ जसमा पुरुष ७५३ र महिला १००० गरी जम्मा १७५३ जनसङ्ख्या रहेको देखिन्छ। वडागत रुपमा औसत परिवार सङ्ख्या सम्बन्धमा अध्ययन गर्दा कुल औसत परिवार सङ्ख्या ३.८८ रहेको छ। सबैभन्दा बढी ४.३८ वडा नं. ३ र सबैभन्दा कम ३.५८ वडा नं. ८ मा रहेको छ। त्यसै गरी लैङ्गिक अनुपात ८१.११ रहेको वडागत रुपमा जनसङ्ख्या र घरपरिवारको वितरणलाई तलको तालिका तथा स्तम्भचित्रमा देखाइएको छ।

**तालिका २ : वडागत जनसङ्ख्या र घरपरिवार विवरण**

| वडा | जम्मा घरधुरी | जम्मा जनसङ्ख्या | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| १ | ६२२ | २३३३ | ९८६ | १३४७ | ७३.२० |
| २ | ८८४ | ३५४९ | १५६६ | १९८३ | ७८.९७ |
| ३ | ७३९ | ३२३४ | १३५७ | १८७७ | ७२.३० |
| ४ | ७८४ | ३२४६ | १४३६ | १८१० | ७९.३४ |
| ५ | ८४६ | ३३१८ | १४२८ | १८९० | ७५.५६ |
| ६ | ६९१ | २७१७ | १२०१ | १५१६ | ७९.२२ |
| ७ | ९७६ | ३५९२ | १७८१ | १८११ | ९८.३४ |
| ८ | १५१५ | ५४२९ | २५९१ | २८३८ | ९१.३० |
| ९ | ११३७ | ४३२७ | १९०३ | २४२४ | ७८.५१ |
| १० | ४५८ | १७५३ | ७५३ | १००० | ७५.३० |
| जम्मा | ८६५२ | ३३४९८ | १५००२ | १८४९६ | ८१.११ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६

| बेनी नगरपालिका | | घरधुरी | जनसङ्ख्या | | | औसत परिवार सङ्ख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| नयाँ वडा | गा. वि. स. | | जम्मा | पुरुष | महिला | | |
| १ | रत्नेचौर | ६२२ | २,३३३ | ९८६ | १,३४७ | ३.७५ | ७३.२० |
| २ | ज्यामरुककोट | ८८४ | ३,५४९ | १,५६६ | १,९८३ | ४.०१ | ७८.९७ |
| ३ | भकिम्ली | ७३९ | ३,२३४ | १,३५७ | १,८७७ | ४.३८ | ७२.३० |
| ४ | सिँगा | ७८४ | ३,२४६ | १,४३६ | १,८१० | ४.१४ | ७९.३४ |
| ५ | पुलाचौर | ८४६ | ३,३१८ | १,४२८ | १,८९० | ३.९२ | ७५.५६ |

| बेनी नगरपालिका | | घरधुरी | जनसङ्ख्या | | | औसत परिवार सङ्ख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| नयाँ वडा | गा. वि. स. | | जम्मा | पुरुष | महिला | | |
| ६, ७, ८ | अर्थुङ्गे | ३,१८२ | ११,७३८ | ५,५७३ | ६,१६५ | ३.६९ | ९०.४० |
| ९ | घतान | १,१३७ | ४,३२७ | १,९०३ | २,४२४ | ३.८१ | ७८.५१ |
| १० | पाल्लेखेत | ४५८ | १,७५३ | ७५३ | १,००० | ३.८३ | ७५.३० |
| | **जम्मा** | ८,६५२ | ३३,४९८ | १५,००२ | १८,४९६ | ३.८८ | ८१.११ |
| स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, जनगणना २०६८ | | | | | | | |

घरधुरी सर्वेक्षण २०७६ अनुसार नगरपालिकाको कुल जनसङ्ख्या ३३४९८ रहेको मध्ये पुरुषको सङ्ख्या १५००२ र महिलाको सङ्ख्या १८४९६ रहेको देखिन्छ । त्यसैगरी लैङ्गिक अनुपात ८१.११ रहेको र यस नगरपालिकामा औसत परिवार सङ्ख्या ३.८८ रहेको छ । यस नगरपालिकाको जनघनत्व ४४३ प्रति वर्ग कि.मी रहेको छ । जनसङ्ख्या र घरपरिवारको वितरणलाई तलको तालिका तथा स्तम्भचित्रमा देखाइएकोछ ।

**तालिका ३ : वडागत औसत परिवार सङ्ख्या र जनघनत्व**

| वडा | घरधुरी | जम्मा जनसङ्ख्या | पुरुष | महिला | औसत परिवार सङ्ख्या | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १ | ६२२ | २३३३ | ९८६ | १३४७ | ३.७५ | ६३९ |
| २ | ८८४ | ३५४९ | १५६६ | १९८३ | ४.०१ | ९६९ |
| ३ | ७३९ | ३२३४ | १३५७ | १८७७ | ४.३८ | १६७० |
| ४ | ७८४ | ३२४६ | १४३६ | १८१० | ४.१४ | ८१९ |
| ५ | ८४६ | ३३१८ | १४२८ | १८९० | ३.९२ | ११८१ |
| ६ | ६९१ | २७१७ | १२०१ | १५१६ | ३.६९ | ३३७ |
| ७ | ९७६ | ३५९२ | १७८१ | १८११ | ३.६८ | ४४ |
| ८ | १५१५ | ५४२९ | २५९१ | २८३८ | ३.५८ | ७० |
| ९ | ११३७ | ४३२७ | १९०३ | २४२४ | ३.८१ | ११५७ |
| १० | ४५८ | १७५३ | ७५३ | १००० | ३.८३ | ६७८ |
| जम्मा | ४४८९ | ३३४९८ | १५००२ | १८४९६ | ३.८८ | ७५६४ |
| स्रोत : घरधुरी सर्वेक्षण २०७६ | | | | | | |

चित्र १ : वडा अनुसार जनसङ्ख्या वितरण

### ३.३. लिङ्ग आधारमा घरधुरी विवरण

परिवारमुलीको लिङ्गका आधारमा घरधुरी विवरण अनुसार पालिकाको तथ्याङ्क हेर्दा पुरुष घरमुली रहेको घरधुरी सङ्ख्या ६९१४(७९.९१%) रहेको छ भने महिला घरमुली रहेको घरधुरी सङ्ख्या जम्मा १३८ (२०.०९%) रहेको छ । परिवारमुलीको लिङ्गका आधारमा घरपरिवारको वितरणलाई तलको तालिकामा देखाइएको छ ।

तालिका४ : परिवारमुलीको लिङ्ग आधारमा घरधुरी विवरण

| परिवारमुलीको लिङ्ग | घरधुरी सङ्ख्या | | | | | | | न.पा. जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | <१४ | १५-२५ | २६-३६ | ३७-४७ | ४८-५८ | ५९-६९ | >७० | | |
| पुरुष | ० | १४ | ४७ | १८२२ | २६१५ | २२७९ | १३७ | ६९१४ | ७९.९१ |
| महिला | ० | ० | ४ | ९८२ | ५६० | १७३ | १९ | १७३८ | २०.०९ |
| जम्मा | ० | १४ | ५१ | २८०४ | ३१७५ | २४५२ | १५६ | ८६५२ | १०० |
| स्रोत : घरधुरी सर्वेक्षण २०७६ | | | | | | | | | |

चित्र २ : परिवारमुलीको लिङ्ग आधारमा घरधुरी विवरण

## ३.४. उमेर समूहको आधारमा जनसङ्ख्या विवरण

यस नगरपालिकाको उमेरगत जनसङ्ख्याको विवरणको हेर्दा सबैभन्दा बढी जनसङ्ख्या १0देखि १४ वर्षको उमेरसमूहका मानिसहरू रहेको देखिन्छ। जस अनुसार महिलाको जनसङ्ख्या २१८८ तथा पुरुषको जनसङ्ख्या २२३० गरी कुल जनसङ्ख्या ४४१८ रहेको देखिन्छ। यसैगरी सबैभन्दा कम जनसङ्ख्या ६६देखि ६९ वर्षका वृद्धवृद्धाहरूको रहेको छ, सङ्ख्यामा उल्लेख गर्दा यो समूहको जनसङ्ख्या जम्मा ७८३ रहेको छ । जसमा महिला ४४० र पुरुष ३४३ रहेको पाइन्छ । उमेर समूह अनुसार जनसङ्ख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : उमेर अनुसार जनसङ्ख्या विवरण**

| उमेर अनुसार जनसङ्ख्या विवरण | महिला | पुरुष | न.पा. जम्मा |
|---|---|---|---|
| ०-५ वर्षसम्म | १५७२ | १७५६ | ३३२८ |
| ५-९ वर्षसम्म | १९२८ | २०३१ | ३९५९ |
| १०-१४ वर्षसम्म | २१८८ | २२३० | ४४१८ |
| १५-१९ वर्षसम्म | २०१९ | १७६९ | ३७८८ |
| २०-२४ वर्षसम्म | १९१९ | १०२९ | २९४८ |
| २५-२९ वर्षसम्म | १६३८ | ८३७ | २४७५ |
| ३०-३५ वर्षसम्म | १३६९ | ७५६ | २१२५ |
| ३५-३९ वर्षसम्म | १०९१ | ६९९ | १७९० |
| ४०-४५ वर्षसम्म | ९४६ | ७२६ | १६७२ |
| ४५-४९ वर्षसम्म | ८०७ | ६१५ | १४२२ |
| ५०-५४ वर्षसम्म | ६६९ | ५७६ | १२४५ |
| ५५-५९ वर्षसम्म | ५४८ | ५१८ | १०६६ |
| ६०-६४ वर्षसम्म | ५९० | ४४५ | १०३५ |
| ६६-६९ वर्षसम्म | ४४० | ३४३ | ७८३ |
| ७०+ माथी | ७७२ | ६७२ | १४४४ |
| जम्मा | १८४९६ | १५००२ | ३३४९८ |
| स्रोत : घरधुरी सर्वेक्षण २०७५ | | | |

## ३.५.मातृभाषाका आधारमा परिवार सङ्ख्याको विवरण

मातृभाषाका आधारमा यस नगरपालिकामा नेपाली भाषा बोल्ने मानिसहरूको सङ्ख्या ३३४९८ रहेको देखिन्छ । यस नगरपालिकामा रहेको जम्मा जनसङ्ख्या मध्ये ९२.०८% प्रतिशतले नेपाली भाषा बोल्ने गरेको पाइएको छ। त्यसै गरी नेवारी र मगर भाषीहरूको सङ्ख्या क्रमशः १.८९% र ४.२०% रहेको छ । तलको तालिकामा मातृभाषाका आधारमा रहेको जनसङ्ख्याको विवरणलाई देखाइएको छ ।

**चित्र ३ : मातृभाषाका आधारमा घरधुरी विवरण**

**तालिका ६ : मातृभाषाका आधारमा जनसङ्ख्या विवरण**

| मातृ भाषा | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | ३०८४५ | ९२.०८ |
| नेवारी | ६३३ | १.८९ |
| मगर | १४०६ | ४.२० |
| छन्त्याल | ४५४ | १.३६ |
| अन्य | १६० | ०.४८ |
| **जम्मा** | ३३४९८ | १०० |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

## ३.६. धर्मको आधारमा जनसङ्ख्या विवरण

यस नगरपालिकामा बसोवास गर्ने बहुसङ्ख्यक मानिसहरूको मुख्य धर्म हिन्दु धर्म रहेको छ भने दोस्रो मुख्य धर्मको रुपमा किराँत रहेको देखिन्छ । मुस्लिम धर्मावलम्बीहरूको सङ्ख्या एकदमै थोरै रहेको देखिन्छ। यहाँका मुख्य जातजाति तथा बासिन्दाहरूले हिन्दु र बौद्ध धर्म मान्ने हुनाले जनसङ्ख्याको ठुलो हिस्साले यिनै जातजातिको प्रतिनिधित्व गरेको पाइन्छ । धर्मका आधारमा यहाँको जनसङ्ख्याको अवस्थालाई तलको तालिकामा दिइएको छ ।

**तालिका ७ : धर्मका आधारमा जनसङ्ख्या विवरण**

| क्र. स. | धर्म | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ३२९२५ | ९८.२९ |
| २ | बौद्ध | ४०५ | १.२१ |
| ३ | मुस्लिम | ३० | ०.०९ |
| ४ | इसाई | ५४ | ०.१६ |
| ५ | अन्य | ८० | ०.२४ |
| **जम्मा** | | ३३४९८ | १०० |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

**चित्र ४ : धर्मका आधारमा जनसङ्ख्या विवरण**

## ३.७. जातजाति अनुसार घरपरिवार सम्बन्धी विवरण

तलको तालिकामा प्रस्तुत गरिए अनुसार यस नगरपालिकामा २२ भन्दा बढी प्रकारका जातजातिका मानिसहरू एकआपसमा भाइचाराको सम्बन्ध सहित बसोवास गर्ने गरेका छन् । यहाँ बसोवास गर्ने प्रमुख जातजातिहरूमा क्षेत्री, मगर, ब्राह्मण, कामी लगायतका रहेका छन् । तलको तालिकामा यस सम्बन्धी विवरणलाई विस्तृत रुपमा देखाइएको छ ।

**तालिका ८ : जाताजातिका आधारमा जनसङ्ख्या विवरण**

| क्र.स. | जातजाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ९७३१ | २९.०५ |
| २ | मगर | ७२८४ | २१.७४ |
| ३ | ब्राह्मण पहाडी | ४३६६ | १३.०३ |
| ४ | दमाई/ ढोली | २८२४ | ८.४३ |
| ५ | कामी | २६३६ | ७.८७ |
| ६ | किसान | २२९२ | ६.८४ |
| ७ | नेवार | १२८१ | ३.८२ |
| ८ | ठकुरी | ८४४ | २.५२ |
| ९ | छन्त्याल | ७४४ | २.२२ |
| १० | गुरुङ | ३५३ | १.०५ |
| ११ | थकाली | ३३६ | १.०० |
| १२ | सन्यासी/दशनामी/ वन | १५८ | ०.४७ |
| १३ | मुस्लिम | १४१ | ०.४२ |
| १४ | राई | ६० | ०.१८ |
| १५ | तामाङ/ लामा | ५१ | ०.१५ |
| १६ | तेली | ४३ | ०.१३ |
| १७ | थारु | २६ | ०.०८ |
| १८ | हलुवाइ | २४ | ०.०७ |
| १९ | कुशवाहा | १७ | ०.०५ |
| २० | घर्ती/ भुजेल | १३ | ०.०४ |
| २१ | हजाम | १३ | ०.०४ |
| २२ | अन्य | २६१ | ०.७८ |

| | | | |
|---|---|---|---|
| **जम्मा** | | ३३४९८ | १००.०० |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

## ३.८. पेसाको आधारमा जनसङ्ख्याको विवरण

पेसागत रुपमा यस नगरपालिकामा बसोवास गर्ने जनसङ्ख्याको आकारलाई हेर्दा कृषि तथा खेती गर्ने जनसङ्ख्याको आकार धेरै रहेको देखिन्छ भने त्यसपछि ब्यापार/व्यवसाय रोजगारी क्रमशः दोस्रो, तेस्रो नम्बरका पेसामा पर्दछ । तलको तालिकामा विभिन्न पेसामा संलग्न भएको जनसङ्ख्यालाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ९ : पेसाका आधारमा जनसङ्ख्या विवरण**

| क्र.सं. | मुख्या पेसा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा खेती | ४७७३ | ५५.१७ |
| २ | ब्यापार / व्यवसाय | ९७१ | ११.२२ |
| ३ | नोकरी | ९७८ | ११.३० |
| ४ | ज्यालादारी | ६५७ | ७.५९ |
| ५ | अन्य | १२७३ | १४.७१ |
| **जम्मा** | | ८६५२ | १०० |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

**तालिका १० : काम नगर्ने आधारमा जनसङ्ख्या विवरण**

| क्र.सं. | मुख्या पेसा | सङ्ख्या |
|---|---|---|
| १ | पुरुष | ३९२६ |
| २ | महिला | ५०२९ |
| ३ | अन्य | ८९५५ |
| **जम्मा** | | १७९१० |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

## ३.९. सिप तथा तालिम लिएका जनसङ्ख्या विवरण

सिप तथा तालिमको जानकारी मानव संसाधनको उचित प्रयोग कसरी गर्ने र कहाँ गर्ने भन्ने कुरालाई दिशानिर्देश गर्ने प्रमुख अस्त्र हो । सिप र तालिम लिने व्यक्ति भनेका दक्ष व्यक्तिहरू हुन्, जसले समाजको रुपान्तरणको प्रमुख जिम्मेवारी प्राप्त गरेको हुन्छ । सिप र तालिमका आधारमा यस नगरपालिकाको जनसङ्ख्याको विवरणलाई हेर्दा होटल सम्बन्धी, सूचना तथा प्राविधिक, सवारी चालक, सिलाइबुनाइ, निर्माण सम्बन्धी, कृषि सम्बन्धी, जनस्वास्थ्य सम्बन्धी, पर्यटन टुर गाइड र सत्कार र इञ्जिनियरिङ लगायत अन्य खालका जीवनोपयोगी तालिम प्राप्त गरेका दक्ष जनशक्ति रहेका छन् । तलको तालिकामा विभिन्न सिप तथा तालिम प्राप्त जनसङ्ख्यालाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : सिप तथा तालिमका आधारमा जनसङ्ख्या विवरण**

| क्र.सं. | सिप तथा तालिम | वडा | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | वचत तथा ऋण | २८०८ | ३२४२ | ६०५० |
| २ | संस्थागत नेतृत्व | ३०९ | ४४३ | ७५२ |
| ३ | लैङ्गिक समविकास | २५९ | २६६ | ५२५ |
| ४ | स्वास्थ्य | ३८४ | ३६७ | ७५१ |
| ५ | परिवार नियोजन | २२५ | १९५ | ४२० |
| ६ | खानेपानी तथा सरसफाइ | ३४४ | ३३८ | ६८२ |
| ७ | वन व्यवस्थापन | २९३ | ३४४ | ६३७ |
| ८ | फोहोरमैला व्यवस्थापन | १८४ | १८९ | ३७३ |
| ९ | सिप विकास | ६५१ | ४१२ | १०६३ |
| १० | अन्य | ० | ० | ० |
| | जम्मा | ५४५७ | ५७९६ | ११२५३ |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

## ३.१०. आर्थिक रुपले सक्रिय जनसङ्ख्या विवरण

आर्थिक रुपले सक्रिय जनसङ्ख्या भन्नाले १५देखि ५९ वर्षसम्मको जनसङ्ख्या जो आर्थिक आय आर्जन गर्ने काममा सक्रिय छ । यस नगरपालिकामा आर्थिक रुपले सक्रिय जनसङ्ख्या २७.९३ प्रतिशत रहेको देखिन्छ । आर्थिक रुपले सक्रिय जनसङ्ख्याको विस्तृत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १२ : आर्थिक रुपले सक्रिय जनसङ्ख्याको उमेरगत विवरण**

| उमेर समुह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ० देखि १४ | ० | ० | ० | |
| १५ देखि ५९ | ५३२१ | ३५४६ | ८८६७ | २६.४७ |
| ६० भन्दा माथि | ४०८ | ८१ | ४८९ | १.४६ |
| जम्मा | ५७२९ | ३६२७ | ९३५६ | |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८

## ३.११. अपाङ्गताको आधारमा जनसङ्ख्या

यस नगरपालिकामा फरक क्षमता भएका जनसङ्ख्याको उपस्थितिलाई हेर्दा शारीरिक अपाङ्ग, दृष्टिविहीन, बहिरा, बौद्धिक अपाङ्ग भएका व्यक्तिहरूको सङ्ख्या क्रमशः ८०, १४, ४०, र ४८ रहेको छ । तलको तालिकामा अपाङ्गताको आधार, प्रकार र अपाङ्गताको परिचयपत्र लिने जनसङ्ख्या विवरण देखाइएको छ ।

**तालिका १४ : अपाङ्गताको परिचयपत्रका आधारमा जनसङ्ख्या विवरण**

| क्र.सं. | अपाङ्गता | परिचयपत्र लिएका सङ्ख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | पूर्ण अशक्त (रातो रङको) | १ | ४ | ५ |
| २ | अति अशक्त (निलो रङको) | ५ | ८ | १३ |
| ३ | मध्यम अपाङ्गता (पहेलो रङको) | १ | ७ | ८ |
| ४ | सामान्य अपाङ्गता (सेतो रङको) | १४ | ६ | २० |
| जम्मा | | २१ | २५ | ४६ |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

**तालिका १५ : अपाङ्गताको प्रकारका आधारमा जनसङ्ख्या विवरण**

| क्र.सं. | अपाङ्गता | सङ्ख्या | | न.पा. जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | पूर्ण अशक्त (रातो रङको) | ३७ | ४३ | ८० |
| २ | अति अशक्त (निलो रङको) | ५ | ९ | १४ |
| ३ | मध्यम अपाङ्गता (पहेलो रङको) | १६ | २४ | ४० |
| ४ | सामान्य अपाङ्गता (सेतो रङको) | २१ | २७ | ४८ |

| | | | |
|---|---|---|---|
| **जम्मा** | ७९ | १०३ | १८२ |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

## ३.१२. बसाइँसराइ

असल जीवन प्राप्तिका लागि आफ्नो थातथलो, संस्कृति, चुलो आदि नै सारेर एक ठाँउबाट अर्को ठाँउमा जाने भौगोलिक गतिशीलतालाई बसाइँसराइ भनिन्छ । यस प्रक्रियाले सामाजिक व्यवहार, सम्बन्ध तथा विचारहरूमा समेत थुप्रै परिवर्तन ल्याउँदछ । बसाइँसराइले सामाजिक तथा सांस्कृतिक परिवर्तनमा थप ऊर्जा प्रदान गर्दछ । सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक आदि थुप्रै कारणहरूले गर्दा मानिस आफू बसिरहेको स्थान छोडेर अन्य स्थानमा जान्छ । गाउँबाट सहर, गाउँबाट गाउँ, हिमाल र पहाडबाट तराई बसाइँसराइ गर्ने पद्धतिले समाजमा परिवर्तन ल्याएको छ । बसाइँसराइका विभिन्न आयामहरूलाई तलका विभिन्न तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

विभिन्न व्यावसायिक तथा व्यावहारिक कारणले नगरपालिका भित्र आस्थायी बसाइँसराइ गर्नेको सङ्ख्या धेरै भए पनि स्थायी रुपमा बसाइँसराइ गरेर आएका र गएकाहरूको सङ्ख्या अत्यन्त कम छ । सुलभ सुविधाका कारण म्याग्दीका विभिन्न स्थानहरूबाट नगरपालिकामा बसाइँ सर्ने गरेको र नगरपालिकाबाट काठमाडौं, पोखरा, चितवन लगायतका विकसित सहरहरूमा बसाइँ सर्ने गरेको देखिएको छ । आर्थिक वर्ष २०७३/७४ मा बेनी नगरपालिका क्षेत्रभित्र बसाइँसराइको अवस्था यस्तो देखिन्छ ।

| बसाइ सराइ को विवरण | जम्मा | मुख्य जिल्लाहरू |
|---|---|---|
| नगरपालिका भित्र आएका | १३ | धौलागिरि, मालिका, मङ्गला, रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका |
| नगरपालिकाबाट बाहिर गएका | २१ | पोखरा, काठमाडौं, चितवन |

## ३.१३. सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

सामाजिक सुरक्षा कार्यक्रम हालका वर्षहरूमा संघीय सरकारले विषेश प्राथमिकतामा राखेर बितरण गर्दै आइरहेको छ । यसको बितरण र लगत राख्ने जिम्मेवारी कार्यक्रमको सुरुवाती वर्षबाट नै स्थानीय निकाय हुँदै हालको स्थानीय तहसम्म निरन्तरता पाइरहेको छ । जसमा जेष्ठ नागरिक (७० वर्ष माथि), जेष्ठ नागरिक (दलित), जेष्ठ नागरिक (एकल महिला), एकल महिला (आर्थिक सहायता), दलित बालबालिका क वर्ग, ख वर्ग (आर्थिक सहायता), अपाङ्ग आदि समेटिएको हुन्छ । जसको कारणले आश्रित रुपमा रहेका र सामाजिक रुपमा पिछडिएका व्यक्तिहरूलाई जीवन धान्नकोलागि सामाजिक सुरक्षा कार्यक्रम निक्कै भरथेग गर्ने र पारिवारिक रुपमा अवहेलित हुने दर पनि घटेको विभिन्न तथ्यहरूले देखाएको पाइन्छ । यसको विवरण तलको तालिकामा दिइएको छ ।

| वडा न. | जेष्ठ नागरिक (७० वर्ष माथि) | | | जेष्ठ नागरिक (दलित) | | | एकल महिला | पूर्ण अपाङ्ग | | | आंशिक अपाङ्ग | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | ९३ | ७२ | १६५ | १२ | १४ | २६ | ८६ | ३ | ४ | ७ | २ | २ | ४ | २८८ |
| २ | १०३ | ८५ | १८८ | १९ | १३ | ३२ | ९४ | १ | ६ | ७ | १२ | ११ | २३ | ३४४ |
| ३ | १०१ | ११५ | २१६ | २० | २१ | ४१ | ९९ | ० | ० | ० | १६ | ९ | २५ | ३८१ |
| ४ | १०८ | ७४ | १८२ | २२ | १७ | ३९ | ९० | ० | ० | ० | १४ | १५ | २९ | ३४० |
| ५ | १३७ | ९१ | २२८ | ५० | ४० | ९० | ७६ | २ | ५ | ७ | २ | १० | १२ | ४१३ |
| ६ | | | | | | | | | | | | | | |
| ७ | १३१ | १०५ | २३६ | २४ | १२ | ३६ | ११० | १ | ३ | ४ | १३ | ९ | २२ | ४०८ |
| ८ | | | | | | | | | | | | | | |
| ९ | १२१ | ९३ | २१४ | ३४ | ३९ | ७३ | १०८ | १ | ४ | ५ | १४ | १२ | २६ | ४२६ |
| १० | ६८ | ४७ | ११५ | ११ | १८ | २९ | ५४ | ० | १ | १ | ३ | ४ | ७ | २०६ |
| जम्मा | ८६२ | ६८२ | १५४४ | १९२ | १७४ | ३६६ | ७१७ | ८ | २३ | ३१ | ७६ | ७२ | १४८ | २८०६ |

स्रोत : बेनी नगरपालिका, २०७६

## ३.१४. जनसङ्ख्याको आधारमा औसत घरपरिवार सङ्ख्या

जनसङ्ख्याको आधारमा औसत घरपरिवार सङ्ख्याको अध्ययन गर्दा यस नगरपालिकामा रहेका ४४८९ घरपरिवार सङ्ख्या र ३३४९८ कुल जनसङ्ख्यालाई औसत घरपरिवार सङ्ख्यामा हेर्दा (प्रति एक घरमा रहेका जनसङ्ख्या) ३.८८ (४) रहेको छ। सबैभन्दा बढी वडा नम्बर ३ मा ४.३८ रहेको छ भने सबैभन्दा कम वडा नम्बर ८ मा ३.५८ औसत परिवार सङ्ख्या रहेको छ। यसको विस्तृत विवरण तथा तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ।

## तालिका २६ : जनसङ्ख्याको आधारमा औसत घरपरिवार विवरण

| वडा | घरधुरी | जम्मा जनसङ्ख्या | औसत परिवार सङ्ख्या |
|---|---|---|---|
| १ | ६२२ | २३३३ | ३.७५ |
| २ | ८८४ | ३५४९ | ४.०१ |
| ३ | ७३९ | ३२३४ | ४.३८ |
| ४ | ७८४ | ३२४६ | ४.१४ |
| ५ | ८४६ | ३३१८ | ३.९२ |
| ६ | ६९१ | २७१७ | ३.६९ |
| ७ | ९७६ | ३५९२ | ३.६८ |
| ८ | १५१५ | ५४२९ | ३.५८ |
| ९ | ११३७ | ४३२७ | ३.८१ |
| १० | ४५८ | १७५३ | ३.८३ |
| जम्मा | ४४८९ | ३३४९८ | ३.८८ |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

# परिच्छेद चार : आर्थिक विकास

आर्थिक विकास तथा सशक्तीकरण सङ्घीय सरकारदेखि स्थानीय तहसम्मको प्रमुख उद्देश्यका रुपमा रहेको हुन्छ । आर्थिक क्षेत्रभित्रका कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन (कृषि विकास, पशुपन्छी विकास, खाद्य सुरक्षा तथा पोषण, सिंचाइ, भूमि व्यवस्था, जलस्रोत, वन तथा वनस्पति सम्पदा, खनिज सम्पदा), उद्योग वाणिज्य, आपूर्ति र पर्यटन प्रबर्द्धन आदि आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको हुन्छ । उल्लिखित बिषयहरूको समुच्च विकास नै कुनै पनि स्थानको आर्थिक विकासको सूचकको रुपमा हुन सक्ने मानिन्छ । आर्थिक विकासका शीर्षक र उपशीर्षकहरूको विकासले रोजगारी सिर्जनाको महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । रोजगारी सिर्जना नै आर्थिक विकासको सबल र सक्षम पक्ष हो । यस्तो रोजगारी स्वदेशमा गरिने र विदेशमा गरिने गरी मुख्य रुपमा दुई प्रकारको हुने गर्दछ । यिनीहरूमध्ये पनि विदेशी नोकरीले वैदेशिक मुद्रा आर्जनमा सहयोग पुऱ्याउने गर्दछ भने आन्तरिक रोजगारीले मानिसलाई आर्थिक रुपमा सक्षम बनाउन मद्दत गर्दछ । वर्तमानमा यस नगरपालिकाबाट आर्थिक विकास तथा सशक्तीकरणका लागि गरिएका मुख्य कार्यहरूमा विकास निर्माणतर्फ सडक निर्माण(कालो पत्रे, ग्राभेल, धुले), विद्युत उत्पादन, कल्भर्ट निर्माण, विद्यालय निर्माण, मठमन्दिर निर्माण तथा मर्मत सुधार, लक्षित वर्गतर्फ विभिन्न सिपमूलक, आयआर्जन, क्षमतावृद्धि तालिमहरू, चेतनामूलक कार्यक्रमहरू सञ्चालन भएका छन । यस नगरपालिकको भौगोलिक अवस्था अनुसार विभिन्न खाले आयोजनाहरूको निर्माण गरेर वैज्ञानिक विकासका सिद्धान्तमा आधारित कृषिक्षेत्र, भूमि व्यवस्था, जलस्रोत, वन तथा वनस्पति सम्पदा आदि क्षेत्रहरूको समुच्च विकासमा विशेष जोड दिएको पाइन्छ । यस नगरपालिकाको प्रतिव्यक्ति आय रु ३४४१२/- (चौतीस हजार चार सय बाह्र रुपैयाँ) रहेको छ । आर्थिक विकास क्षेत्र अन्तर्गत पर्ने विभिन्न सूचकहरूको हालको अवस्था तलका तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

### ४.१. बजार तथा व्यापारिक केन्द्रहरूको विवरण

नगर क्षेत्रभित्र बेनीबजार, तातोपानी र गलेश्वर बजार मात्र व्यापारिक केन्द्रका रुपमा विकसित बस्ती हुन् । भूगोल र छरिएर रहेको बस्तीका कारण अन्य बजारहरू व्यापारिक केन्द्रको रुपमा विकास हुने सम्भावना कम छ । उद्योग व्यापार सञ्चालन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउने बजार क्षेत्रमा टाँगिने गरिएका ठूला साना होडिङ बोर्ड, तुल, व्यानर, पोस्टर तथा नगरपालिकाको पम्प्लेट आदिलाई नियमन गर्न सकिएमा नगरक्षेत्रको सुन्दरतामा वृद्धि आयस्रोत वृद्धि हुने देखिन्छ ।

### तालिका २७ : बजार तथा व्यापारिक केन्द्रहरूको विवरण

| क्र.सं. | व्यापारिक केन्द्र | स्थान |
|---|---|---|
| १ | तातोपानी बजार | वडा नं. ४ |
| २ | बेनीबजार | वडा नं. ७ र ८ |
| ३ | गलेश्वर | वडा नं. ९ |

स्रोत: घरधुरी सर्वेक्षण २०७६

## ४.२.बैंक तथा वित्तीय संस्थासम्बन्धी विवरण

आर्थिक क्षेत्रलाई चलायमान बनाइराख्नको लागि नगरपालिका क्षेत्रभित्र वाणिज्य बैंक १२ वटा रहेका छन् भने जम्मा सहकारी संस्थाहरू १६ वटा रहेका छन् । तलको तालिकामा यससम्बन्धी विवरण दिइएको छ ।

### तालिका २८ : बैंक तथा वित्तीय संस्था सम्बन्धी विवरण

| क्र.सं. | बैंक तथा वित्तीय संस्था | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|
| १ | नेपाल बैंक लिमिटेड | ५२०१५५/०५५ | वाणिज्य बैंक |
| २ | राष्ट्रिय वाणिज्य बैंक | ५२०२५५ | वाणिज्य बैंक |
| ३ | कृषि विकास बैंक | ५२०१६६/४६६ | वाणिज्य बैंक |
| ४ | बैंक अफ काठमाडौं लि | ५२१०२९ | वाणिज्य बैंक |
| ५ | ग्लोबल आइएमइ बैंक लि | ५२१००४ | वाणिज्य बैंक |
| ६ | माछापुच्छ्रे बैंक लि. | ५२०९६४/९६५ | वाणिज्य बैंक |
| ७ | सिटिजन्स बैंक | ५२१०१९ | वाणिज्य बैंक |
| ८ | कुमारी बैंक लि | ५२०९६२ | वाणिज्य बैंक |
| ९ | प्रभुबैंक लि | ५२१०५२,५२१०५१ | वाणिज्य बैंक |
| १० | ग्रीन डेभलेप्मेन्ट बैंक | ५२१०९३/०९४ | विकास बैंक |
| ११ | गरिमा विकास बैंक | ५२०९५५/९५६ | विकास बैंक |
| १२ | प्राईम कर्मशियल बैंक | ५२१०४८ | विकास बैंक |
| १३ | मेगा विकास बैंक | ५२१२३७ | वाणिज्य बैंक |
| १४ | सिद्धार्थ बैंक लि. | | वाणिज्य बैंक |
| १५ | एनएमबि बैंक लि. | ५२१२८२ | वाणिज्य बैंक |
| १६ | एनसिसी बैक लि. | | वाणिज्य बैंक |

स्रोत: बेनी नगरपालिका, २०७६

| क्र.सं. | सहकारी विवरण, स्थान | वडा न. |
|---|---|---|
| १ | बुद्ध बहुउद्देश्यीय सहकारी संस्था लि. | ८ |
| २ | धौलागिरी बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| ३ | नारी जागृति महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. | ७ |
| ४ | चेतनामूलक महिला विकास ब सहकारी संस्था लि. | |
| ५ | लालीगुराँस महिला विकास व सहकारी संस्था लि. | |
| ६ | बेनी बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| ७ | रितेचौर व्यावसायिक कृषि सहकारी संस्था लि. | १ |
| ८ | लामगरा व्यावसायिक कृषि सहकारी संस्था लि. | १ |
| ९ | जनचेतना व्यावसायिक कृषि सहकारी संस्था लि. | |
| १० | भूपू सैनिक बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| ११ | श्रमिक बचत तथा ऋण सहकारी संस्था लि. | |
| १२ | म्याग्दी बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| १३ | जिल्ला सहकारी सङ्घ लि. | ८ |
| १४ | गलेश्वरधाम बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| १५ | म्याग्दीकाली सञ्चार सहकारी संस्था लि. | ८ |
| १६ | राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| १७ | ज्यामरुककोट महिला विकास ब सहकारी संस्था लि. | २ |
| १८ | नमस्ते बहुउद्देश्यीय सहकारी संस्था लि. | ७ |
| १९ | युनिक बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| २० | राधाकृष्ण कृषि सहकारी संस्था लि. | २ |
| २१ | पात्लेखेत व्यावसायिक कृषि सहकारी संस्था लि. | १० |
| २२ | रिहगाद बहुउद्देश्यीय सहकारी संस्था लि. | ८ |
| २३ | अन्नपूर्ण महिला विकास ब सहकारी संस्था लि. | |
| २४ | शुभकामना कृषि सहकारी संस्था लि. | |
| २५ | जडभरत बहुउद्देश्यीय सहकारी संस्था लि. | ९ |
| २६ | पात्लेखेत दुग्ध उत्पादक सहकारी संस्था लि. | १० |
| २७ | अर्थुङ्गे बहुउद्देश्यीय सहकारी संस्था लि. | ६ |
| २८ | जनभावना दुग्ध उत्पादक सहकारी संस्था लि. | |
| २९ | धौलागिरी दुग्ध उत्पादक सहकारी संस्था लि. | |
| ३० | पब्लिक भिजन केबल नेटवर्क सहकारी संस्था लि. | ७ |

| क्र.सं. | सहकारी विवरण, स्थान | वडा न. |
|---|---|---|
| ३१ | जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ लि. | ७ |
| ३२ | कुमारी बहुउद्देश्यीय सहकारी संस्था लि. | ८ |
| ३३ | मुक्तिनाथ बहुउद्देश्यीय सहकारी संस्था लि. | ८ |
| ३४ | तातोपानी बहुउद्देश्यीय सहकारी संस्था लि. | ४ |
| ३५ | म्याग्दी खाद्य सहकारी संस्था लि. | |
| ३६ | पौलत्स्य बहुउद्देश्यीय सहकारी संस्था लि. | ५ |
| ३७ | सबैको बहुउद्देश्यीय सहकारी संस्था लि. | ८ |
| ३८ | समाजकल्याण बहुउद्देश्यीय सहकारी संस्था लि. | |
| ३९ | देउराली ब्यावसायिक कृषि सहकारी संस्था लि. | |
| ४० | विपन्न वर्ग उत्थान बहुउद्देश्यीय सहकारी संस्था लि. | |
| ४१ | रन बहुउद्देश्यीय सहकारी संस्था लि. | १ |
| ४२ | गलेश्वर शिवालय बहुउद्देश्यीय सहकारी संस्था लि. | ७ |
| ४३ | बेनी उपभोक्ता सहकारी संस्था लि. | |
| ४४ | कस्तुरी बहुउद्देश्यीय सहकारी संस्था लि. | ७ |
| ४५ | जनकल्याण उपभोक्ता सहकारी संस्था लि. | |
| ४६ | सिंगा उपभोक्ता सहकारी संस्था लि. | ४ |
| ४७ | नाङ्गी बराही ब सहकारी संस्था लि. | |
| ४८ | उपभोक्ता सहकारी सङ्घ लि. | |
| ४९ | सौगात ब सहकारी संस्था लि. | ८ |
| ५० | पात्लेखेत उपभोक्ता सहकारी संस्था लि. | १० |
| ५१ | बेनीकोट बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| ५२ | रुप्से सञ्चार सहकारी संस्था लि. | ८ |
| ५३ | घतान ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. | ९ |
| ५४ | शिवालय व्यावसायिक कृषि सहकारी संस्था लि. | |
| ५५ | जगन्नाथ बचत तथा ऋण सहकारी संस्था लि. | ५ |
| ५६ | डम्बरा बचत तथा ऋण सहकारी संस्था लि. | ६ |
| ५७ | इच्छा महिला विकास बचत तथा ऋण सहकारी सस्था लि. | |
| ५८ | कामना बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| ५९ | महादेव बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| ६० | हराभरा व्यावसायिक कृषि सहकारी संस्था लि. | |

| क्र.सं. | सहकारी विवरण, स्थान | वडा न. |
|---|---|---|
| ६१ | हातेमालो बचत तथा ऋण सहकारी संस्था लि. | २ |
| ६२ | विश्वामित्र बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| ६३ | साहारा बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| ६४ | दिदीबहिनी बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| ६५ | गोर्खा भूपू सैनिक बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| ६६ | संगिनी बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| ६७ | म्याग्दी कफी सहकारी सङ्घ लि. | |
| ६८ | शिवशक्ति खबरा दुग्ध उत्पादक सहकारी संस्था लि. | |
| ६९ | बास्कुना कृषि सहकारी संस्था लि. | ४ |
| ७० | बहुउद्देश्यीय सहकारी सङ्घ लि. | |
| ७१ | समर्पण सञ्चार सहकारी संस्था लि. | ८ |
| ७२ | महारानी बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| ७३ | लोकदीप बचत तथा ऋण सहकारी संस्था लि. | ७ |
| ७४ | सारथी बचत तथा ऋण सहकारी संस्था लि. | |
| ७५ | रत्नेचौर महिला बचत तथा ऋण सहकारी संस्था लि. | १ |
| ७६ | सिद्ध महिला बचत तथा ऋण सहकारी संस्था लि. | |
| ७७ | बचत तथा ऋण सहकारी सङ्घ लि. | |
| ७८ | न्यू नेशनल बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| ७९ | सिद्धि बिनायक बचत तथा ऋण सहकारी संस्था लि. | |
| ८० | दुधेखोला बचत तथा ऋण सहकारी संस्था लि. | |
| ८१ | मितेरी बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| ८२ | न्यू निलगिरी बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| ८३ | नमस्ते कृषि सहकारी संस्था लि. | |
| ८४ | तातोपानी कृषि सहकारी संस्था लि. | ४ |
| ८५ | म्याग्दी बङ्गुरपालन सहकारी संस्था लि. | |
| ८६ | समृद्ध कृषि सहकारी संस्था लि. | |
| ८७ | दोभान कृषि सहकारी संस्था लि. | |
| ८८ | जामुनाखर्क कृषि सहकारी संस्था | ६ |
| ८९ | संरक्षक कृषि सहकारी संस्था | |
| ९० | भकिम्ली ग्रामीण कृषि सहकारी संस्था लि | ३ |

## ४.३. औसत मासिक पारिवारिक आम्दानी विवरण

पारिवारका सदस्यहरूले कुनै पनि कार्य गरेर मासिक रुपमा हुने अनुमानित आम्दानीलाई औसत पारिवारिक आम्दानीको रुपमा गणना गरिन्छ । यस्तो आम्दानीको विवरण सर्वेक्षणपिच्छे फरक पर्न सक्छ किनभने आम्दानीका धैरै स्रोतहरू लचकदार हुन्छन् । आज त्यसैबाट आम्दानी हुन्छ भने भोलि त्यसैबाट घाटा पनि हुन सक्छ तथापि सर्वेक्षणका दौरान जुन तथ्याङ्क प्राप्त हुन्छ तसैका आधारमा बिश्लेषण गरिएको हुन्छ । सर्वेक्षणमा कृषि तथा फलफूल बिक्री, व्यापार/व्यवसाय, सवारी साधन, अन्य मासिक औसत आम्दानी, पशुपालन, पेन्सन, व्याज, सेवा/नोकरी, उद्योग, ज्याला/मजदुरी, घरभाडावापत, विप्रेषण आदि आम्दानीका प्रमुख स्रोतहरूलाई तालिकामा वडा अनुसारको विवरण देखाइएको छ ।

औसत मासिक पारिवारिक आम्दानी विवरण माथि उल्लिखित तालिकामा २०६८ को जनसङ्ख्या अनुसारको परिवार सङ्ख्या उल्लेख गरिएको तर पारिवारिक आम्दानीको विवरण सङ्कलन गर्दा हालको परिवार सङ्ख्यालाई आधार मानिएको हुँदा परिवार सङ्ख्यामा फरक देखिएको हो ।

### तालिका २९ : औसत मासिक आम्दानी (रुपैयाँ) का आधारमा विवरण

| क.स. | औसत मासिक पारिवारिक आम्दानी विवरण (रुपैयाँमा) | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००० भन्दा कम | ९७६ | ११.०२ |
| २ | १००० देखि २००० | १०८७ | १२.२७ |
| ३ | २००१ देखि ३००० | ९६३ | १०.८७ |
| ४ | ३००१ देखि ५००० | १११३ | १२.५६ |
| ५ | ५००१ देखि १०००० | ७७६ | ८.७६ |
| ६ | १०००० देखि १५००० | ७७९ | ८.७९ |
| ७ | १५००० देखि २५००० | ६७६ | ७.६३ |
| ८ | २५००० भन्दा माथि | २४५८ | २७.७४ |
| | जम्मा | ८८२८ | |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

## ४.४. औसत पारिवारिक वचत विवरण

### तालिका ३० : औसत मासिक खर्च (रुपैयाँ) सम्बन्धी विवरण

| क्र.स. | औसत मासिक पारिवारिक आम्दानी विवरण (रुपैयाँमा) | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००० भन्दा कम | १७०० | २६.२४ |
| २ | १००० देखि २००० | १०४८ | १६.१८ |
| ३ | २००१ देखि ३००० | ११४२ | १७.६३ |
| ४ | ३००१ देखि ५००० | ८८१ | १३.७० |
| ५ | ५००१ देखि १०००० | ९०२ | १३.९२ |
| ६ | १०००० देखि माथि | ८०५ | १२.४३ |
| | जम्मा | ६४७८ | |

स्रोतः घरधुरी सर्वेक्षण २०७६

## ४.५. विप्रेषणको विवरण

वैदेशिक रोजगारीको सङ्ख्यामा विदेशिनेहरूको सङ्ख्या प्रशस्त छ। फलतः दैनिक लाखौं रुपैयाँ विप्रेषणको रुपमा नगर क्षेत्रमा भित्रिन्छ। साथै विप्रेषणबाट भित्रिएका रकमहरूलाई नगरक्षेत्रभित्रै र उत्पादनमूलक कार्यमा लगानी गराउने वातावरण सिर्जना गराउनु पर्दछ। घरपरिवारको मुख्य स्रोत विप्रेषणमा निर्भर घरपरिवारहरूको विवरण यसप्रकार रहेको छ।

### तालिका ३१ : पारिवारिक खर्च धान्न अपनाइएका वैकल्पिक विधिसम्बन्धी पारिवारिक विवरण

| वडा नं. | वडाको कुल परिवार सङ्ख्या | कम्तीमा १ जना विदेशमा रहेको परिवार सङ्ख्या | विदेशमा रहेको जनसङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १ | ६२२ | ३०६ | ३८१ | ३३ | ४१४ |
| २ | ८८४ | ४३४ | ५३० | ६० | ५९० |
| ३ | ७३९ | ३९८ | ४९७ | २८ | ५२५ |
| ४ | ७८४ | ३३८ | ३७२ | ४२ | ४१४ |
| ५ | ८४६ | ३५७ | ४०६ | १३ | ४१९ |
| ६,७,८ | ३१८२ | ९६३ | १०४३ | १३५ | ११७८ |
| ९ | ११३७ | ४९५ | ५६० | ५१ | ६११ |
| १० | ४५८ | २०८ | २४० | १८ | २५८ |
| जम्मा | ८६५२ | ३४९९ | ४०२९ | ३८० | ४४०९ |

स्रोतः घरधुरी सर्वेक्षण २०७६

## ४.६. प्रमुख खाद्यान्न बाली सम्बन्धी विवरण

नगर क्षेत्रमा कृषि पेसामा निर्भर परिवार सङ्ख्या अधिक छ । विशेष गरी अन्नबाली, तरकारीबाली र फलफूल खेती हुने यस क्षेत्रमा सबैभन्दा बढी उत्पादन हुने मकै हो ।

| बाली/उत्पादन समूह | आर्थिक वर्ष (२०७३/७४) | |
|---|---|---|
| **अन्न वाली** | **क्षेत्रफल (रोपनीमा)** | **उत्पादन (केजीमा)** |
| धान | २८६४० | १००२४० |
| मकै | ३१२२० | ४६८३०० |
| कोदो | १३३६ | ८६८४० |
| गहुँ | १४९७ | १८७१२५ |
| मास, बोडी, सिमी, मस्याङ, मुसुरो, तोरी, सूर्यमुखी | ३७६ | २१६२० |
| **तरकारी बाली** | | |
| आलु, प्याज, काउली, भन्टा, बन्दा, गोलभेडा, रामतोरिया, साग | ६९३ | ४०१९४० |
| अदुवा, बेसार, लसुन, खुर्सानी | ७५ | ३१०८७५ |
| **फलफूल खेती** | | |
| केरा, आँप, सुन्तला, नासपाती, भुईकटहर | ९३८ | ३७५२०० |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

## ४.७. घरको प्रकार सम्बन्धी विवरण

बेनी नगरपालिकाभित्र सबैभन्दा धेरै ढुङ्गाले छाएका घरहरू रहेका छन् । त्यसपछि आरसीसी ढलान गरिएको र जस्तापाताले छाएका घरहरूको सङ्ख्या रहेको छ । विकासले फड्को मारेसँगै खर र स्लेट ढुङ्गाले छाएका घरहरू विस्थापित हुने र पक्की आरसीसी घरहरू बन्ने क्रमले तीव्रता पाएको छ । यद्यपि नगरपालिकामा रहेका अधिकांश घरहरू बिना नक्सा र बिना प्राविधिक इस्टिमेट रहेका छन् । भूकम्प प्रतिरोधीको पक्षलाई पनि ध्यान नदिइएका नयाँ तथा पुराना घरहरू रहेका छन् । नगरपालिकाले सुरक्षित घर सुरक्षित परिवारका लागि ती कुराहरूलाई ध्यान दिनु जरुरी हुन्छ । बेनी नगरपालिका क्षेत्रमा छानाका आधारमा रहेका घरसङ्ख्या यसप्रकार रहेका छन् ।

**तालिका ३५ : घरको किसिमका आधारमा घरधुरी विवरण**

| सि.न. | घरका प्रकार | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खरले छाएका | ३८७ | ४.४७ |
| २ | जस्ताले छाएका | २१८० | २५.२० |
| ३ | ढुङ्गाले छाएका | ४२६४ | ४९.२८ |
| ४ | आर सी.सी. | १७९८ | २०.७८ |
| ५ | काठले छाएका | ७ | ०.०८ |
| ६ | माटाले छाएका | | |
| ७ | अन्य | ८ | ०.०९ |
| ८ | उल्लेख नभएका | ८ | ०.०९ |
| | जम्मा | ८६५२ | |

स्रोत : घरधुरी सर्वेक्षण २०७६

**चित्र ५ : घरको किसिमको आधारमा घरधुरी विवरण**

घर निर्माण गर्दा घरको छानो पनि निर्माण गरिएको हुन्छ, घरको छानो कस्तो छ यसले त्यस घरको आर्थिक अवस्था चित्रण गरेको हुन्छ । तसर्थ यस नगरपालिकामा पनि घरको छानाको आधारमा घरधुरी वर्गीकरण गरिएको छ। सबैभन्दा धेरै ४२६४ अर्थात ४९.२८% घरहरूको छाना छाउन ढुङ्गाको प्रयोग गरिएको छ भने सबैभन्दा कम ७ अर्थात ०.०८% घरहरू काठले छाएको छ। तलको तालिकामा घरको छानाको प्रकार सम्बन्धी विवरणलाई प्रस्तुत गरिएको छ।

## ४.८. घरको स्वामित्वको आधारमा घरपरिवार सङ्ख्या

### स्वामित्वको आधारमा घरपरिवारको बसोबासको अवस्था:-

यस नगरक्षेत्रका बासिन्दाहरूको अधिकांश निजी घरमा बसोबास छ । आफ्नै स्वामित्व भएको घरमा बसोबास गर्ने परिवार सङ्ख्या ६१९५ रहेको छ । अर्थात् कूल परिवार सङ्ख्याको ७१.६० प्रतिशत रहेको छ। केही स्थान विशेषगरी बजार क्षेत्रमा २३.८१ प्रतिशत भाडामा रसंस्थागत रुपमा १.८६ प्रतिशत बसोबास गर्ने परिवारसमेत रहेका छन् । सरकारी नियमअनुसार घरबहाल करको कार्यान्वयन पक्ष व्यवस्थित गर्नुपर्ने देखिन्छ।

**तालिका ४१ : घरको स्वामित्वको आधारमा घरधुरी विवरण**

| सि.नं. | स्वामित्वको विवरण | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निजी | ६१९५ | ७१.६० |
| २ | भाडामा | २०६० | २३.८१ |
| ३ | सस्थागत | १६१ | १.८६ |
| ४ | अन्य | २३६ | २.७३ |
| | जम्मा | ८६५२ | |

स्रोतः घरधुरी सर्वेक्षण २०७६

**चित्र १० : घरको स्वामित्वको आधारमा घरधुरी विवरण**

## ४.९. अचल सम्पत्तिमा महिलाको स्वामित्व

पुरुष प्रधान समाज भएकाले महिला घरमूलीको सङ्ख्या थोरै मात्रामा छ। राष्ट्रिय जनगणना २०६८ अनुसार नगरपालिकाका कूल घरधुरीहरू मध्ये महिलाहरूको नाममा घर र जग्गा भएको घरधुरी सङ्ख्या १७३८ रहेको छ। यी मध्ये घरजग्गा दुबैको स्वामित्व भएका घरधुरी ४८.१० प्रतिशत रहेको छ भने घरमुली भएर पनि स्वामित्व नभएकाहरू २३.३० प्रतिशत रहेको छ।

| **सि.नं.** | **स्वामित्वको विवरण** | **घरपरिवार** | **प्रतिशत** |
|---|---|---|---|
| १ | घरजग्गा दुबैमा स्वामित्व भएका | ८३६ | ४८.१० |
| २ | जग्गामा मात्रै स्वामित्व भएका | ४९७ | २८.१० |
| ३ | घरजग्गा दुबैमा स्वामित्व नभएका | ४०५ | २३.३० |
| ४ | उल्लेख नभएका | | |
| | जम्मा | १७३८ | |

स्रोतः घरधुरी सर्वेक्षण २०७६

## ४.१०. बेरोजगारी सम्बन्धी विवरण

१५ वर्ष माथिको उमेर भएका तर कुनै पनि पेसा वा व्यवसायमा संलग्न नभएका व्यक्तिहरूलाई बेरोजगार भएको आधारमा यस नगरपालिकाभित्रका बेरोजगारहरूको सङ्ख्या निम्नानुसार छ

**तालिका ४६ : बेरोजगारका आधारमा जनसङ्ख्या विवरण**

| क्र.सं. | लिङ्ग | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | पुरुष | ३९२६ | |
| २ | महिला | ५०२९ | |
| ३ | अन्य | ८९५५ | |

स्रोतः घरधुरी सर्वेक्षण २०७६

## ४.११. खाना पकाउने इन्धन सम्बन्धी विवरण

बेनी नगरपालिका क्षेत्रमा अझै पनि चुल्होमा इन्धनको रुपमा अक्सर दाउरा प्रयोग गर्ने घरपरिवारको सङ्ख्या अत्यधिक देखाएको छ। खाना पकाउने इन्धनको रुपमा दाउरा प्रयोग गर्ने परिवार ६६.०४ प्रतिशत रहेका छन्। ग्रामीण समुदायमा सहज यातायात तथा ढुवानीको सुविधा उपलब्ध नहुँदा एलपी ग्यासको प्रयोग गर्ने परिवार ३२.४४ रहेको छ। एलपी ग्यास प्रयोग गर्ने परिवार विगतको जनगणनाको तुलनामा २०६८ सालमा उच्च छ। दाउराको अधिक प्रयोगले वनजङ्गल मासिने, आगलागी लगायतका घटना घट्ने र जनस्वास्थ्यमा प्रतिकूल असर पर्नेतर्फ सजग हुन जरुरी छ।

**तालिका ५० : खाना पकाउने इन्धन उपभोगका आधारमा घरधुरी विवरण**

| सि.नं. | इन्धनका प्रकार | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दाउरा | ५७१४ | ६६.०४ |
| २ | मट्टीतेल | ३३ | ०.३८ |
| ३ | एल पि.ग्यास | २८०७ | ३२.४४ |
| ४ | गुइँठा | ३ | ०.०३ |
| ५ | गोबर ग्यास | ८७ | १.०१ |
| ६ | बिजुली | | ०.०० |
| ७ | अन्य | १ | ०.०१ |
| ८ | उल्लेख नभएको | ७ | ०.०८ |
| | जम्मा | ८६५२ | |

स्रोतः घरधुरी सर्वेक्षण २०७६

## ४.१२. वर्तमान भू-उपयोग

वर्तमान भू-उपयोग हेर्दा २९.२७ प्रतिशत भू-भाग कृषियोग्य जमिन रहेको देख्न सक्छौं। खोलानालाले करिब २.१४ र आवासीय क्षेत्रले करिब ३.२३ प्रतिशत भू-भाग ओगटेको देखिन्छ। यसैगरी बाटो तथा सार्वजनिक क्षेत्रले २.९९ प्रतिशत भू-भाग ओगटेको देखिन्छ भने जङ्गल क्षेत्र ६५.१६ प्रतिशत रहेको छ। अन्य विविध प्रयोजनको लागि उपयोग भैरहेको देखिन्छ। अन्य भू -उपयोग सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

**तालिका ५१ : भू-उपयोग सम्बन्धी विवरण (७६.५८ वर्ग.कि.मी.) ७६५८ हे.**

| क्र.सं. | प्रकार |
|---|---|
| १ | झाडी क्षेत्र |
| २ | कृषियोग्य जमिन |
| ३ | घाँसे क्षेत्र |
| ४ | आवासीय क्षेत्र |
| ५ | नदीले ओगटेको क्षेत्र |
| ६ | बाटाले ओगटेको क्षेत्र |
| ७ | पहिरो |
| ८ | बलौटे क्षेत्र |

| क्र.सं. | प्रकार | क्षेत्र (%) | हेक्टर |
|---|---|---|---|
| १ | झाडी क्षेत्र | ५७ | ४३६५ |
| २ | कृषियोग्य जमिन | २९.२७ | २२४१ |
| ३ | घाँसे क्षेत्र | ६.८३ | ५२३ |
| ४ | आवासीय क्षेत्र | ३.२३ | २४७ |
| ५ | नदीले ओगटेको क्षेत्र | २.१४ | १६४ |
| ६ | बाटाले ओगटेको क्षेत्र | ०.८९ | ६८ |
| ७ | पहिरो | ०.६ | ४६ |
| ८ | बलौटे क्षेत्र | ०.०३ | २ |
| जम्मा | | १०० | ७६५८ |

## ४.१३. कृषि तथा पशुपालन

नेपालका अधिकांश ग्रामीण क्षेत्रको आयआर्जनको प्रमुख स्रोत भनेकै कृषि तथा पशुपालन हो । बेनी नगरपालिका पनि यसमा अछुतो छैन । कृषि पेसामा रहेका व्यक्तिहरूको प्रमुख कार्य भनेको अन्न उत्पादन र पशुपालन हो । हाम्रो देशको प्रमुख आयको स्रोत नै कृषि भएकाले कृषिमा लगानी वृद्धि नगरी जनताको जीवनस्तर उकास्न सकिँदैन र उत्पादनमा पनि वृद्धि हुँदैन। यस नगरपालिकामा कृषियोग्य जमिन २९.२७ प्रतिशत रहेको छ। अन्य विवरण तलको तालिकामा दिइएको छ।

**तालिका ५३ : सिञ्चित क्षेत्रका विवरण**

| क्र.सं. | स्रोतको नाम | वडा नं. |
|---|---|---|
| १ | अर्जम सिँचाइ | १ |
| २ | १९२५ साले सिँचाई | १ |
| ३ | उपल्लो कुलो | १ |
| ४ | सारेमारे | १ |
| ५ | लामगरा | १ |
| ६ | सपीखेत | १ |
| ७ | बगेर्नी खोला | २ |
| ८ | ठूलो खोला | २ |
| ९ | सेते खोला | २ |
| १० | दुधे खोला | २ |
| ११ | दुधे खोला | ३ |
| १२ | चारखोला | ३ |
| १३ | भूत खोला | ३ |
| १४ | मादर खोला | ३ |
| १५ | सिमखोला | ३ |
| १६ | रानी पधेरा | ३ |
| १७ | ठाडोखोला | ४ |

| क्र.सं. | स्रोतको नाम | वडा नं. |
|---|---|---|
| १८ | लटेखोला | ४ |
| १९ | म्याग्दी खोला | ४ |
| २० | डाँडाखेत गौंथले सिँचाई | ९ |
| २१ | चिन्नेखर्क सिँचाई | ९ |
| २२ | भैसेखाल्डा धावा सिँचाई | ९ |
| २३ | आगाखेत सिहनी सिँचाई | ९ |
| २४ | नीलदह पल्लोपोखरी सिँचाई | ९ |
| २५ | बगाले खोला | १० |
| २६ | आरनटोल सिँचाइ | १० |
| २७ | चारखर्क सिँचाइ | १० |
| २८ | रघुगङ्गा | ९ र १० |
| २९ | कालीगण्डकी | ९ |
| ३० | म्याग्दी | १, २, ३ र ४ |

## ४.१४. पशुचौपाया पालन

कृषि तथा पशुपालनमा यस न.पा.मा व्यत्तिहरूको प्रमुख आर्थिक आयको सूचक हो अथवा प्रमुख पेसा भनेकै कृषि कर्म गर्नु वा उपार्जन गर्नु हो । पशुलाई धनको रुपमा व्याख्या गरिए अनुसार नगर पालिकामा प्रशस्त पशुपालन कार्य भएको तथ्याङ्कले देखाउँछ तसर्थ यो नगरपलिका पशुपालनको हिसाबले धनी नगरपालिका हो । पशुपालनका हिसाबले प्रमुख गरी यस नगरपालिकामा भैसीपालन, कुखुरापालन, हाँसपालन, खसी/बाखापालन, घोडा/खच्चडपालन, गाई/गोरुपालन, सुँगुरपालन, खरायोपालन, भेडापालन गर्ने गरिन्छ । तलको तलिकामा पशुपालन सम्बन्धी विवरणहरू दिइएको छ ।

## तालिका ५४ : पशुचौपाया सम्बन्धी विवरण

| क्र. सं. | किसिम | सङ्ख्या | | | उत्पादन | | |
|---|---|---|---|---|---|---|---|
| १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दूध लि. | मासु केजी | उन केजी |
| | गाई गोरु | ९२५९ | ७७३ | | ६५८ मे.ट. | | |
| | भैंसी राँगा | ७०५१ | ७९५ | | १५७७.५० मे.ट. | ४२२ मे.ट. | |
| | बोका खसी वाखा | १७६१० | १४०४ | | | १७०८ मे.ट. | |
| | भेडा च्याङ्ग्रा | ६२८६ | | | | ३३.२ मे.ट. | २५८० केजी |
| | सुँगुर वङ्गुर | खपत - ६० केजी प्रतिदिन | | | | | |
| २ | पंक्षी | खपत | | | | | |
| | कुखुरा | मासु २९५ केजी प्रतिदिन | | | | | |
| ३ | माछा | मासु २२ केजी प्रतिदिन | | | | | |
| ४ | मौरी | मह १०० केजी वार्षिक | | | | | |

स्रोत : जिल्ला पशुसेवा कार्यालय, स्याग्दी, २०७४

## ४.१५. पर्यटन विकास

धार्मिक प्राकृतिक तथा ऐतिहासिक दृष्टिकोणले यस नगरपालिका भित्रका विभिन्न स्थानहरू महत्वपूर्ण छन् । ती स्थानहरूको पहिचान संरक्षण थप संरचनाहरूको निर्माण र प्रचार प्रसार गर्न सकिएमा औसत आउने पर्यटकमा वृद्धि भई स्थानीय समुदायको आयआर्जनमा वृद्धि हुनाका साथै नगरपालिकाको विकासमा समेत टेवा पुग्न सक्छ। नेपालकै प्रमुख पर्यटकीय गन्तव्य मुस्ताङ मुक्तिनाथ र ढोरपाटन सिकार आरक्ष आदि कारण बेनी नगरपालिकाले थप फाइदा लिन सक्दछ । पर्यटन विकासको सम्भावनालाई नगरपालिकाले प्रमुख प्राथमिकतामा राख्नु पर्छ ।

## ४.१६. पर्यटकीय स्थलहरूको विवरण

बेनी नगरपालिकामा आर्थिक वर्ष २०७३/७४ मा भ्रमण गर्ने पर्यटकहरुको सङ्ख्या

| महिना | सङ्ख्या | कैफियत |
|---|---|---|
| साउन | २५४८ | महिला ३२७९९<br>पुरुष ३७०१७ |
| भदौ | २८२६ | |
| असोज | ७५३५ | |
| कात्तिक | १०७३७ | |
| मंसिर | ५२२६ | |
| पुस | ३९३४ | |
| माघ | ३४६३ | |
| फागुन | ४७६५ | |
| चैत | १०७९३ | |
| बैशाख | ९३४८ | |
| जेठ | ५९३५ | |
| असार | ३५०६ | |
| जम्मा | ६९८१६ | |

स्रोतः जिल्ला प्रहरी कार्यालय, म्याग्दी, २०७४

**यस न.पा.मा हाल निम्न पर्यटकीय क्षेत्रहरू रहेका छन् ।**

| क्र.सं. | पर्यटकीय स्थलहरुको नाम | वडा नं. | महत्व |
|---|---|---|---|
| १ | अर्जम भुमे मन्दिर | १ | धार्मिक रुपमा जनबिश्वास |
| २ | किम्माको थान | १ | धार्मिक आस्थाको केन्द्र |
| ३ | अर्जमकोट | १ | ऐतिहासिक कोट |
| ४ | ज्यामरुककोट (भकुन्डेकोट) | २ | ऐतिहासिक कोट |

| क्र.सं. | पर्यटकीय स्थलहरुको नाम | वडा नं. | महत्व |
|---|---|---|---|
| ५ | लभ्लीहिल | २ | बेनी बजार लगायत प्राकृतिक दृश्यावलोकन गर्न सकिने |
| ६ | उडाइनो झरना | २ | सुन्दर झरना |
| ७ | भुमेथान | २ | धार्मिक आस्थाको केन्द्र |
| ८ | कन्थराथान | २ | धार्मिक आस्थाको केन्द्र |
| ९ | स्वर्गाश्रम, बेलढुङ्गा | ३ | प्राकृतिक दृष्यावलोकन तथा धार्मिक हिसावले समेत महत्वपूर्ण |
| १० | मण्डली | ३ | क्रिश्चियन धर्मावलम्बीहरुको प्रार्थना स्थल |
| ११ | सिंगाकोट | ४ | ऐतिहासिक कोट |
| १२ | तातोपानी कुण्ड | ४ | बाथ, हाडजोर्नी, ग्यास्ट्रिक लगायत छाला तथा नसाका रोगहरुको प्राकृतिक उपचार |
| १३ | सोता बगर | ४ | पिकनिक स्थल |
| १४ | वास्कुना सुर्केमेला | ४ | सुन्तलाका लागि पकेट क्षेत्र |
| १५ | जगन्नाथ मन्दिर, डढेकोट | ५ | परापूर्व काल डिम्ब महाराजसँग जोडिएको पौराणिक कथामा अधारित स्थल |
| १६ | पुलहपुलस्त्य आश्रम | ५ | पुलस्त्य ऋषिको तपोस्थल |
| १७ | ढोल्ठान दरबार | ५ | पर्वते राज्य काल बिस १५४५ मा निर्मित |
| १८ | टोड्के क्षेत्र | ५ | हिमश्रृखला तथा मनोरम प्राकृतिक दृश्याबलोकन |
| १९ | पुलाकोट, पुलाचौर कोट | ५ | ऐतिहासिक कोट |
| २० | राम मन्दिर (गुफा) | ६ | धार्मिक हिसाबले महत्व |
| २१ | देउराली | ६ | प्राकृतिक तथा धार्मिक स्थल |
| २२ | कमलजैसी थान | ७ | स्थानीय समुदायको आस्थाको धरोहर |
| २३ | बौद्ध बिहार | ७ | बौद्ध धर्मावलम्बीहरुको चैत्य रहेको |

| क्र.सं. | पर्यटकीय स्थलहरुको नाम | वडा नं. | महत्व |
|---|---|---|---|
| २४ | बेनी भगवती मन्दिर | ७ | कालीगण्डकी र म्याग्दी नदीको सङ्गम स्थलमा रहेको भगवती मन्दिर |
| २५ | बलमुक्तेश्वर शिवालय | ७ | पुरानो शैलीमा बनेको शिव मन्दिर |
| २६ | लक्ष्मी नारायण मन्दिर | ७ | लक्ष्मी र नारायणको मन्दिर |
| २७ | महारानी थान | ७ | परापूर्वकालमा डिम्ब महाराजकी महारानीले डिम्ब महाराजलाई भेट्न आउने क्रममा अलप भएको स्थान |
| २८ | बेनी शिबालय | ७ | भद्रीबम मल्लको राज्यकालीन बिसं १७०० मा निर्मित ऐतिहासिक देवालय |
| २९ | बेनी कोट भण्डार | ८ | ऐतिहासिक कोट |
| ३० | गलेश्वरधाम क्षेत्र | ९ | स्कन्द पुराणमा उल्लेख भए बमोजिम महादेबले सतीदेवीको मृत शरीरलाई बोकी हिँड्दा गला पतन भएको स्थान |
| ३१ | भरतनाथ गुफा | ९ | ऋषि जडभरतले तपस्या गरेको स्थल पुला |
| ३२ | कालीगण्डकी नदी | | पबित्र शालग्राम पाइने नदी |
| ३३ | घतान कोट | ९ | ऐतिहासिक कोट |
| ३४ | तोरीपानीकोट | ९ | ऐतिहासिक कोट |
| ३५ | वाखेत भङ्गासे धुरी | १० | प्राकृतिक दृश्यावलोकन |
| ३६ | घारसुन्ना | १० | वन पैदावारहरुको अध्ययन अवलोकन |

स्रोतः वडागत तथ्याङ्क विवरण सङ्कलन, २०७४

# परिच्छेद पाँच : सामाजिक विकास

सामाजिक विकासभित्र रहेको शिक्षा, स्वास्थ्य, खानेपानी, बालबालिका तथा महिला विकास लगायतको वर्तमान अवस्थालाई अध्ययन विश्लेषण गरिएको छ । सामाजिक-आर्थिक परिवर्तनको नेतृत्वदायी र प्रभावशाली तत्व धर्म-संस्कृति हो । धार्मिक तथा सांस्कृतिक सम्पदाहरूलाई दिगो संरक्षण गर्नु पर्दछ । नेपालीहरूको जीवन पद्धति, रहन-सहन, भाषा, वेशभूषा, रीतिरिवाज, कलाकौशल, धर्म, दर्शन आदि  जीवनका सम्पूर्ण पक्षलाई नेपाली कला संस्कृतिले जीवन्त तुल्याउँछ । नेपालको सांस्कृतिक सम्पदाको रूपमा वास्तुकला, मूर्तिकला, शिल्पकला, चित्रकलाका अतिरिक्त ऐतिहासिक तथा पुरातात्विक स्थलहरू, वस्तुहरू, स्मारक तथा स्मारक स्थलहरू आउँछन् । सामाजिक क्षेत्रअन्तर्गत मूलतः शिक्षा, स्वास्थ्य र लक्षितवर्ग सँग जोडिएका आयामहरू समेटिएको छ । शिक्षा क्षेत्रभित्र विद्यालयहरूको सङ्ख्या (सार्वजनिक, निजी) र बालशिक्षा लगायतका विषय समाविष्ट गरिएको छ । यसैगरी स्वास्थ्य क्षेत्रभित्र स्वास्थ्य संस्थाहरूको सङ्ख्या, उपलब्ध जनशक्ति, स्वस्थ्य सेवा प्राप्त गर्ने जनशक्ति, मातृशिशु आदि विषयहरू समेटिएको छ ।

## ५.१ .साक्षरता विवरण

यस न.पाको शैक्षिक स्तरलाई विश्लेषण गर्दा पढ्न मात्र जानेका ६८३ जना, पढ्न लेख्न जानेका २३३०२ जना, पढ्न लेख्न दुबै नजानेका ६१६५ जना रहेको देखिन्छ । साक्षरता प्रतिशत हेर्दा ९६.८२ प्रतिशत जनसङ्ख्या साक्षर छ । अन्य विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका ६३ : साक्षरता सम्बन्धी जनसङ्ख्या विवरण**

| वडा नं. | लिङ्ग | ५ बर्ष र ५ वर्ष भन्दा माथिको जनसङ्ख्या | जनसङ्ख्याको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | लेख्न र पढ्न सक्ने | पढ्न मात्रै सक्ने | पढ्न लेख्न नसक्ने | थाहा नभएका | प्रतिशत |
| १ | जम्मा | २०९७ | १६२० | १५ | ४६० | २ | ७७.२५ |
| | पुरुष | ८६२ | ७५७ | ६ | ९९ | ० | ८७.८२ |
| | महिला | १२३५ | ८६३ | ९ | ३६१ | २ | ६९.८८ |
| २ | जम्मा | ३१७३ | २३३९ | ६९ | ७६३ | २ | ७३.७२ |
| | पुरुष | १३६१ | ११५४ | २६ | १८१ | ० | ८४.७९ |
| | महिला | १८१२ | ११८५ | ४३ | ५८२ | २ | ६५.४० |
| ३ | जम्मा | २८८८ | २०३३ | ५२ | ८०० | ३ | ७०.३९ |

| वडा नं. | लिङ्ग | ५ बर्ष र ५ वर्ष भन्दा माथिको जनसङ्ख्या | जनसङ्ख्याको अवस्था | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | लेख्न र पढ्न सक्ने | पढ्न मात्रै सक्ने | पढ्न लेख्न नसक्ने | थाहा नभएका | प्रतिशत |
| | पुरुष | ११८२ | ९४६ | २० | २१५ | १ | ८०.०३ |
| | महिला | १७०६ | १०८७ | ३२ | ५८५ | २ | ६३.७२ |
| ४ | जम्मा | २९०१ | २१४४ | ९७ | ६५६ | ४ | ७०.९१ |
| | पुरुष | १२४३ | १०५१ | २३ | १६७ | २ | ८४.५५ |
| | महिला | १६५८ | १०९३ | ७४ | ४८९ | २ | ६५.९२ |
| ५ | जम्मा | २९६७ | २०७४ | १४७ | ७४५ | १ | ६९.९० |
| | पुरुष | १२४८ | १०२२ | ६० | १६६ | ० | ८१.८९ |
| | महिला | १७१९ | १०५२ | ८७ | ५७९ | १ | ६१.२० |
| ६,७,८ | जम्मा | १०६६० | ९२८० | १६१ | १२१६ | ३ | ८७.०५ |
| | पुरुष | ५००७ | ४६५९ | ४४ | ३०२ | २ | ८९.०५ |
| | महिला | ५६५३ | ४६२१ | ११७ | ९१४ | १ | ८१.७४ |
| ९ | जम्मा | ३८९६ | २६९६ | १२४ | १०७१ | ५ | ६९.२० |
| | पुरुष | १६८१ | १३४८ | ४२ | २९१ | ० | ८०.१९ |
| | महिला | २२१५ | १३४८ | ८२ | ७८० | ५ | ६०.०६ |
| १० | जम्मा | १५८८ | १११६ | १८ | ४५४ | ० | ७०.२८ |
| | पुरुष | ६६२ | ५५१ | ११ | १०० | ० | ८३.३३ |
| | महिला | ९२६ | ५६५ | ७ | ३५४ | ० | ६१.०२ |
| जम्मा | जम्मा | ३०१७० | २३३०२ | ६८३ | ६१६५ | २० | १०० |
| | पुरुष | १३२४६ | ११४८८ | २३२ | १५२१ | ५ | ४३.९० |
| | महिला | १६९२४ | ११८१४ | ४५१ | ४६४४ | १५ | ५६.१० |

स्रोतः राष्ट्रिय जनगणना २०६८/केन्द्रीय तथ्याङ्क विभाग

**चित्र ११ : साक्षरता सम्बन्धी जनसङ्ख्या विवरण**

## ५.२. विद्यालयका बालविकास केन्द्रमा पढ्ने बालबालिकाको सङ्ख्या

बालविकास केन्द्रले बालबालिकाहरूको बालपनको वृद्धिविकास गर्दै उनीहरूको क्षमता विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वव्यापी मान्यता रहेको छ। यसै अनुरुप यस नगरपालिकाका विद्यालयहरूमा पनि बाल विकासलाई ध्यान दिई उल्लेख्य रुपमा बालविकास केन्द्रहरूको स्थापना गरी अध्यापन कार्य गराउँदै आएको पाइन्छ। तलका तलिकाहरूमा यस सम्बन्धी विवरणहरू दिइएको छ।

**तालिका ६५ : बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाहरुको विवरण**

| वडा नं | बाल विकास केन्द्रको जम्मा सङ्ख्या | भर्ना भएका बालबालिका सङ्ख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | ४ | १६ | १३ | २९ |
| २ | ६ | ३० | ४४ | ७४ |
| ३ | ८ | २१ | २७ | ४८ |
| ४ | ५ | ३८ | २९ | ६७ |
| ५ | ९ | ४१ | ३२ | ७३ |
| ६, ७, ८ | ६ | १६८ | २०० | ३६८ |
| ९ | १० | ५२ | ६४ | ११६ |
| १० | ३ | ९ | १६ | २४ |
| जम्मा | ५१ | ३७५ | ४२५ | ८२० |

स्रोतः जिल्ला शिक्षा कार्यालय, म्याग्दी, २०७४

## ५.३. विद्यालयहरूको तहगत (कक्षागत) विवरण

शैक्षिक संस्थाहरूको उपस्थितिले सम्बन्धित क्षेत्रको शिक्षाको अवस्थाको बारेमा चित्रण गरेको हुन्छ। कुल तहका शैक्षिक संस्थाहरूको उपस्थितिले त्यस क्षेत्रको उमेर समूहका बालबालिकाहरूको शिक्षामा पहुँच कति छ भन्ने जानकारी र साक्षरताको प्रतिशत कति छ भन्ने जानकारी सहज रुपमा प्राप्त गरी भविष्यको लागि शैक्षिक नीति नियम निर्माणमा महत्वपूर्ण हुन्छ। तलका तलिकामा यस नगरपालिकामा रहेका विद्यालयहरूको (कक्षागत) विवरणहरू उल्लेख गरिएको छ।

# तालिका ६७ : विद्यालयहरूको तहगत (कक्षागत) विवरण

| वडा नं. | लिङ्ग | जम्मा | जनसङ्ख्याको अवस्था | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूर्व प्राथमिक | प्रा.वि. तह | नि.मा. वि. | मा.वि. | एस एल सी | प्रमाणपत्र तह | स्नातक | स्नातकोत्तर | अन्य | अनौपचारिक शिक्षा | तह नखुलेको |
| १ | जम्मा | १६२५ | ४९ | ५९२ | ३५० | १७९ | २१३ | ४५ | १५ | ३ | ० | १७९ | ० |
| | पुरुष | ७६१ | ३० | ३०५ | १४७ | ८९ | १०७ | २७ | ११ | १ | ० | ४४ | ० |
| | महिला | ८६४ | १९ | २८७ | २०३ | ९० | १०६ | १८ | ४ | २ | ० | १३५ | ० |
| २ | जम्मा | २३७७ | ७२ | ९५४ | ५५६ | ३०० | २८८ | १३४ | २५ | ९ | १ | ३५ | २ |
| | पुरुष | ११७५ | ४० | ४७० | २७० | १४० | १४५ | ६३ | २१ | ७ | ० | १८ | १ |
| | महिला | १२०२ | ३२ | ४८४ | २८६ | १६१ | १४३ | ७१ | ४ | २ | १ | १७ | १ |
| ३ | जम्मा | २०९८ | १०७ | ८६५ | ४५८ | २२० | १८३ | ४७ | ८ | ४ | १ | १९९ | ६ |
| | पुरुष | ९७९ | ५५ | ४१० | २११ | ११८ | ९३ | २२ | ७ | १ | ० | ५८ | ४ |
| | महिला | १११९ | ५२ | ४५५ | २८६ | १६१ | १४३ | ७१ | ४ | २ | ० | १७ | १ |
| ४ | जम्मा | २१६२ | ८५ | ९२९ | ४८२ | २५९ | २३७ | ४८ | १५ | ३ | ३ | ८७ | १४ |
| | पुरुष | १०५७ | ४७ | ४८० | १९६ | १४१ | १२८ | २४ | १२ | ३ | २ | १३ | ११ |
| | महिला | ११०५ | ३८ | ४४९ | २८६ | ११८ | १०९ | २४ | ३ | ० | १ | ७४ | ३ |
| ५ | जम्मा | २१७४ | ४३ | ९७९ | ४७६ | २८० | २६५ | ६२ | २० | ७ | ० | ३९ | ३ |
| | पुरुष | १०७० | १८ | ४५४ | २१३ | १४४ | १५५ | ३९ | १९ | ६ | ० | २१ | १ |
| | महिला | ११०४ | २५ | ५२५ | २६३ | १३६ | ११० | २३ | १ | १ | ० | १८ | २ |
| ६, ७ र ८ | जम्मा | ९३४७ | ४७२ | २८३५ | १७७७ | १०४२ | १४८८ | ८९० | ३२० | १२२ | ३ | ३९१ | ७ |
| | पुरुष | ४६९३ | २५२ | १४३१ | ८५० | ५२८ | ७७३ | ४३१ | २२६ | १०४ | २ | ९४ | २ |
| | महिला | ४६५४ | २२० | १४०४ | ९२७ | ५१४ | ७१३ | ४५९ | ९४ | १८ | १ | २९७ | ५ |
| ९ | जम्मा | २७४१ | १०३ | ११२७ | ६०४ | ३२२ | २८७ | १०७ | ४८ | ६ | ० | १३३ | ४ |
| | पुरुष | १३६८ | ५२ | ५५५ | २९० | १५९ | १५६ | ६४ | ४१ | ६ | ० | ४१ | |

| वडा नं. | लिङ्ग | जम्मा | जनसङ्ख्याको अवस्था | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूर्व प्राथमिक | प्रा.वि. तह | नि.मा. वि. | मा.वि. | एस एल सी | प्रमाणपत्र तह | स्नातक | स्नातकोत्तर | अन्य | अनौपचारिक शिक्षा | तह नखुलेको |
| | महिला | १९७३ | ५१ | ५५५ | २१४ | १६३ | १३१ | ४३ | ७ | ० | ० | ३२ | ० |
| १० | जम्मा | ११६२ | ९१ | ४८४ | २३४ | १२५ | १२४ | ३३ | १० | ० | ० | ६० | १ |
| | पुरुष | ५६९ | ४५ | २४२ | ११५ | ६२ | ५३ | १३ | ९ | ० | ० | २९ | १ |
| | महिला | ५९३ | ४६ | २४२ | ११९ | ६३ | ७१ | २० | १ | ० | ० | ३१ | |
| जम्मा | जम्मा | २३६८६ | १०२२ | ८७६५ | ४९३७ | २७२८ | ३०८५ | १३६६ | ४६१ | १५४ | ८ | ११२३ | ३७ |
| | पुरुष | ११६७२ | ५३९ | ४३४७ | २२९२ | १३८१ | १६१० | ६८३ | ३४६ | १२८ | ४ | ३१८ | २४ |
| | महिला | १२०१४ | ४८३ | ४४१० | २६४५ | १३४७ | १४७५ | ६८३ | ११५ | २६ | ४ | ८०५ | १३ |

स्रोतः राष्ट्रिय जनगणना २०६८

## ५.४. विद्यार्थी भर्ना सम्बन्धी तहगत विवरण

नगरपालिकामा रहेका विद्यालयहरूमा विद्यार्थीहरूको तहगत भर्नालाई हेर्दा आधारभूत तहको २८९६ जना विद्यार्थी भर्ना भएका छन् । यसैगरी माध्यमिक तह कक्षा ९ देखि १० सम्म १९७६ जना विद्यार्थी भर्ना भएका छन्, माध्यमिक तहकै कक्षा ११ र १२ मा १११९ जना विद्यार्थीहरू भर्ना भएको देखिन्छ । विद्यार्थी भर्ना सम्बन्धी तहगत विवरणलाई तलको तालिकामा विस्तृत रुपमा देखाइएको छ ।

### तालिका ६९ : विद्यार्थी भर्ना सम्बन्धी तहगत विवरण

| तह | सामुदायिक विद्यालय | | | | निजी विद्यालय | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा | छात्र | छात्रा | जम्मा | कक्षा | छात्र | छात्रा | जम्मा | |
| प्राथमिक | १ | २६८ | २६३ | ५३१ | १ | २०४ | २५५ | ४५९ | ९९० |
| | २ | २२० | २०३ | ४२३ | २ | १९५ | १९६ | ३९१ | ८१४ |
| | ३ | २१४ | २३३ | ४४७ | ३ | १७९ | २०६ | ३८५ | ८३२ |
| | ४ | २५४ | १८७ | ४४१ | ४ | १८९ | २०५ | ३९४ | ८३५ |
| | ५ | २७३ | २४७ | ५२० | ५ | २०५ | १६७ | ३७२ | ८९२ |

| तह | सामुदायिक विद्यालय | | | | निजी विद्यालय | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा | छात्र | छात्रा | जम्मा | कक्षा | छात्र | छात्रा | जम्मा | |
| आधारभूत | ६ | ३२३ | २९२ | ६१५ | ६ | १८० | १७९ | ३५९ | ९७४ |
| | ७ | ३५८ | २७४ | ६३२ | ७ | १६२ | १५५ | ३१७ | ९४९ |
| | ८ | ३७० | ३०१ | ६७१ | ८ | १३९ | १६३ | ३०२ | ९७३ |
| माध्यमिक | ९ | ३६९ | ३५५ | ७२४ | ९ | १४९ | १४० | २८९ | १०१३ |
| | १० | ३५५ | ३२८ | ६८३ | १० | १४८ | १३२ | २८० | ९६३ |
| | ११ | ९१ | ६६ | १५७ | ११ | १९५ | २३३ | ४२८ | ५८५ |
| | १२ | २३ | १० | ३३ | १२ | २४७ | २५४ | ५०१ | ५३४ |
| | | ३११८ | २७५९ | ५८७७ | | २१९२ | २२८५ | ४४७७ | १०३५४ |

स्रोतः जिल्ला शिक्षा कार्यालय, म्याग्दी/सम्पूर्ण निजी विद्यालयहरु, २०७४

## ५.५. विद्यालयमा प्रवेश, कुल र खुद भर्ना दर सम्बन्धी तहगत विवरण

न.पा.मा रहेका विद्यालयहरूमा विद्यार्थीहरूको तहगत प्रवेश र कुल भर्ना दर सम्बन्धी विवरणलाई हेर्दा कक्षा १ को खुद प्रवेश दर १२४.३ रहेको, आधारभूत तहको कक्षा १ देखि ५ सम्मको कुल भर्ना दर १३६.४, आधारभूत तहकै कक्षा १ देखि ८ सम्म हेर्दा यो दर १२८.६ मा झरेको देखिन्छ। यसै गरी माध्यमिक तह कक्षा ९ देखि १० सम्मको कुल भर्ना दर ९८.६ छ भने माध्यमिक तहकै कक्षा ११ र १२ मा कुल भर्ना दर ४१.५ रहेको देखिन्छ। यसैगरी कक्षा ९ देखि १२ सम्मको कुल भर्ना दर ७० रहेको छ।

सहजै देखिने प्रवेश र खुद भर्ना दर सम्बन्धी विवरणलाई हेर्दा कक्षा १ को सहजै देखिने प्रवेश दर ९६ रहेको, आधारभूत तहको कक्षा १ देखि ५ सम्मको खुद भर्ना दर ९७.८, आधारभूत तहकै कक्षा १ देखि ८ सम्महेर्दा यो दर ९६.७ मा झरेको देखिन्छ। यसै गरी माध्यमिक तह कक्षा ९ देखि १० सम्मको खुद भर्ना दर ७४.४ छ भने माध्यमिक तहकै कक्षा ११ र १२ मा खुद भर्ना दर २३.४ रहेको देखिन्छ। यसैगरी कक्षा ९ देखि १२ सम्मको खुद भर्ना दर ४८.९ रहेको छ। विद्यार्थी भर्ना सम्बन्धी तहगत प्रवेशका कुल र खुद भर्ना दरको विवरणलाई तलको तलिकामा विस्तृत रुपमा देखाइएको छ।

### तालिका ७५ : विद्यार्थी प्रवेश र कुल भर्ना दर सम्बन्धी तहगत विवरण

| खुद प्रवेश दर कक्षा १ (GIR) | | | कुल भर्ना दर (कक्षा १-५ सम्म) (GER) | | | कुल भर्ना दर (कक्षा १-८ सम्म) (GER) | | | कुल भर्ना दर मा.वि. (कक्षा ९-१०)(GER) | | | कुल भर्ना दर मा.वि. (कक्षा ११-१२) (GER) | | | कुल भर्ना दर मा.वि. (कक्षा ९-१२)(GER) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १२५.६ | १२२.९ | १२४.३ | १३३ | १३९.८ | १३६.४ | १२७.४ | १२९.७ | १२८.६ | ८९.८ | १०७.५ | ९८.६ | ४४.१ | ३८.९ | ४१.५ | ६६.९ | ७३.२ | ७० |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०७६

### तालिका ७६ : विद्यालयमा सहजै देखिने प्रवेश र खुद भर्ना दर सम्बन्धी तहगत विवरण

| सहजै देखिने प्रवेश दर कक्षा १ (NIR) | | | खुद भर्ना दर (कक्षा १-५ सम्म) (NER) | | | खुद भर्ना दर (कक्षा १-८ सम्म) (NER) | | | खुद भर्ना दर मा.वि. (कक्षा ९-१०)(NER) | | | खुद भर्ना दर मा.वि. (कक्षा ११-१२) (NER) | | | खुद भर्ना दर मा.वि. (कक्षा ९-१२)(NER) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९५.१ | ९६.८ | ९६ | ९७.१ | ९८.५ | ९७.८ | ९६.७ | ९६.६ | ९६.७ | ६९.७ | ७९.१ | ७४.४ | २५.६ | २१.१ | २३.४ | ४७.७ | ५०.१ | ४८.९ |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०७६

## ५.६. विद्यालयमा भर्ना नभएका बालबालिकाको सङ्ख्या

बेनी नगरपालिकाभित्र आ.व. २०७३/७४ मा विद्यालय छाडेका विद्यार्थीहरुको सङ्ख्या ३९ रहेको छ । यसमा १३ छात्र र २६ छात्रा रहेका छन् ।

### तालिका ७८ : विद्यालयमा भर्ना नहुने बालबालिका सम्बन्धी विवरण

| लिङ्ग | विद्यालय छाडेको सङ्ख्या | कैफियत |
|---|---|---|
| छात्र | १३ | |
| छात्रा | २६ | |
| जम्मा | ३९ | |

स्रोतः राष्ट्रिय जनगणना २०६८/जिल्ला शिक्षा कार्यालय, म्याग्दी, २०७४

## ५.७. विद्यार्थी उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर सम्बन्धी तहगत विवरण

विद्यालयमा विद्यार्थी उत्तीर्ण दर सम्बन्धी तहगत विवरणलाई हेर्दा कक्षा १ बाट २ मा दर ७२.० रहेको, आधारभूत तहको कक्षा १ देखि ५ सम्मको दर ८४.४, आधारभूत तहकै कक्षा ६ देखि ८ सम्म हेर्दा यो दर ९४.३ मा रहेको देखिन्छ । यसै गरी माध्यमिक तह कक्षा ९ देखि १० सम्मको दर ९५.१ छ भने माध्यमिक तहको एस.ई.ई.मा सहभागी दर ९९.३ रहेको देखिन्छ ।

विद्यालयमा विद्यार्थीले कक्षा दोहोऱ्याउने दर सम्बन्धी तहगत विवरण लाई हेर्दा कक्षा १ मा दर २०.८ रहेको, आधारभूत तहको कक्षा १देखि ५ सम्मको दर १०.९, आधारभूत तहकै कक्षा ६देखि ८ सम्म हेर्दा यो दर २.७ मा रहेको देखिन्छ। यसै गरी माध्यमिक तह कक्षा ९देखि १० सम्मको दर १.४ छ भने माध्यमिक तहको कक्षा १० मा यो दर ०.७ रहेको देखिन्छ।

विद्यालयमा विद्यार्थीले कक्षा छोड्ने दर सम्बन्धी तहगत विवरण लाई हेर्दा कक्षा १ मा दर ७.२ रहेको, आधारभूत तहको कक्षा १देखि ५ सम्मको दर ४.७, आधारभूत तहकै कक्षा ६देखि ८ सम्म हेर्दा यो दर ३.९ मा रहेको देखिन्छ। यसै गरी माध्यमिक तह कक्षा ९देखि १० सम्मको दर ३.५ छ भने माध्यमिक तहको कक्षा १० मा यो दर ०.० रहेको देखिन्छ। विद्यालयमा विद्यार्थी उत्तीर्ण दर, विद्यार्थीले कक्षा दोहोऱ्याउने दर र विद्यार्थीले कक्षा छोड्ने दर सम्बन्धी तहगत विवरणलाई तलको तलिकामा विस्तृत रुपमा देखाइएको छ।

**तालिका ७९: आधारभूत तह (१-५ सम्म)मा विद्यार्थी उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर सम्बन्धी तहगत विवरण**

| विद्यार्थी उत्तीर्ण दर | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १ बाट २ | | | कक्षा २ बाट ३ | | | कक्षा ३ बाट ४ | | | कक्षा ४ बाट ५ | | | कक्षा ५ बाट ६ | | | कक्षा १-५ | | |
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ७७.१ | ६७.७ | ७२.० | ८५.८ | ७९.४ | ८२.५ | ८९.९ | ८५.६ | ८७.६ | ८९.२ | ८८.४ | ८८.८ | ९१.५ | ९०.४ | ९०.९ | ८६.८ | ८२.३ | ८४.४ |
| **विद्यार्थीले कक्षा दोहोऱ्याउने दर** | | | | | | | | | | | | | | | | | |
| कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | | कक्षा ४ | | | कक्षा ५ | | | कक्षा १-५ | | |
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १५.७ | २५.१ | २०.८ | ७.७ | १२.१ | १०.० | ५.९ | ११.० | ८.६ | ८.१ | ८.७ | ८.४ | ६.६ | ७.० | ६.८ | ८.८ | १२.८ | १०.९ |
| **विद्यार्थीले कक्षा छोड्ने दर** | | | | | | | | | | | | | | | | | |
| कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | | कक्षा ४ | | | कक्षा ५ | | | कक्षा १-५ | | |
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ७.२ | ७.२ | ७.२ | ६.४ | ८.५ | ७.५ | ४.२ | ३.४ | ३.८ | २.७ | २.९ | २.८ | १.९ | २.६ | २.३ | ४.५ | ४.९ | ४.७ |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०७६

## तालिका ८० : आधारभुत तह(६-८ सम्म) र माध्यमिक तह (९-१० सम्म) मा विद्यार्थी उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर सम्बन्धी तहगत विवरण

| विद्यार्थी उत्तीर्ण दर | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा ६ बाट ७ | | | कक्षा ७ बाट ८ | | | कक्षा ८ बाट ९ | | | कक्षा ९ बाट १० | | | एस.ई.ई.मा सहभागी | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | |
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९३.८ | ९०.९ | ९२.३ | ९३.० | ९२.७ | ९२.८ | ९६.० | ९४.२ | ९५.२ | ९२.९ | ९०.५ | ९१.८ | ९९.४ | ९९.३ | ९९.३ | ९४.३ | ९५.७ | ९४.३ | ९५.७ | ९४.३ | ९५.१ |
| **विद्यार्थीले कक्षा दोहोऱ्याउने दर** | | | | | | | | | | | | | | | | | | | | |
| कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | कक्षा ९ | | | कक्षा १० | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | |
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ३.७ | ५.१ | ४.४ | २.७ | २.६ | २.६ | ०.७ | १.३ | १.० | ०.९ | ३.४ | २.१ | ०.६ | ०.७ | ०.७ | २.३ | ३.१ | २.७ | ०.८ | २.२ | १.४ |
| **विद्यार्थीले कक्षा छोड्ने दर** | | | | | | | | | | | | | | | | | | | | |
| कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | कक्षा ९ | | | कक्षा १० | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | |
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २.५ | ३.९ | ३.२ | ४.३ | ४.७ | ४.५ | ३.३ | ४.५ | ३.८ | ६.२ | ६.१ | ६.२ | ०.० | ०.० | ०.० | ३.४ | ४.४ | ३.९ | ३.५ | ३.५ | ३.५ |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र २०७६

## ५.८. विद्यालयमा शिक्षक सम्बन्धी तहगत विवरण

शिक्षक सम्बन्धी तहगत विवरणलाई तलको तलिकामा विस्तृत रुपमा देखाइएको छ ।

### तालिका ८१ : शिक्षक सम्बन्धी तहगत विवरण

| क्र. सं. | विद्यालयको नाम | वडा नं. | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | विद्यार्थी शिक्षक अनुपात (STR) |
|---|---|---|---|---|---|
| १ | भानु मा. वि. | १ | १३१ | १४ | ९.३६ |
| २ | ज्ञानपुन्ज प्रा. वि. | १ | ३९ | ३ | १३ |
| ३ | रामचन्द्र मा. वि. | १ | १०२ | १० | १०.२ |
| ४ | उपल्लोचौर प्रा. वि. | १ | २० | १ | २० |
| ५ | युवा बर्ष प्रा. वि. | १ | १७ | ३ | ५.६७ |
| ६ | अर्जुन मा. वि. | २ | २९१ | १५ | १९.१४ |
| ७ | गणेश प्रा. वि. | २ | १९ | २ | ९.५० |

| क्र. सं. | विद्यालयको नाम | वडा नं. | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | विद्यार्थी शिक्षक अनुपात (STR) |
|---|---|---|---|---|---|
| ८ | हंसबाहिनी आ. वि. | २ | ४८ | ८ | ६ |
| ९ | खड्ग भवानी प्रा. वि. | २ | ३८ | २ | १९ |
| १० | नवदुर्गा प्रा. वि. | २ | ३६ | ३ | १२ |
| ११ | राधाकृष्ण आ. वि. | २ | ८८ | ७ | १२.५७ |
| १२ | सरस्वती प्रा. वि. | २ | ५२ | ५ | १०.४० |
| १३ | जयन्ती मा. वि. | ३ | ३३४ | १२ | २७.८३ |
| १४ | मुसुङ प्रा. वि. | ३ | ७२ | ५ | १४.४ |
| १५ | बालप्रिय आ. वि. | ३ | ९६ | ५ | १९.२ |
| १६ | बराह प्रा. वि. | ३ | १४ | ३ | ४.६७ |
| १७ | भूमेपानी प्रा. वि. | ३ | २६ | २ | १३ |
| १८ | चन्द्रोदय प्रा. वि. | ३ | २० | ३ | ६.६७ |
| १९ | नवज्योति प्रा. वि. | | ७ | २ | ३.५ |
| २० | बालमन्दिर आ. वि. | ४ | १३८ | ७ | १९.७१ |
| २१ | भृकुटी प्रा. वि. | ४ | ४३ | ६ | ७.१७ |
| २२ | धौलागिरि मा. वि. | ४ | २०३ | १८ | ११.२८ |
| २३ | सरस्वती आ. वि. | ४ | २७० | १४ | १९.२८ |
| २४ | शिवालय आ. वि. | ५ | २४ | ४ | ६ |
| २५ | बालजागृति प्रा. वि. | ५ | ४५ | ५ | ९ |
| २६ | बसन्त प्रा. वि. | ५ | १९ | ३ | ६.३३ |
| २७ | चेतना प्रा. वि. | ५ | ९ | ३ | ३ |
| २८ | डिम्ब प्रा. वि. | ५ | १२ | ३ | ४ |
| २९ | गणेश प्रा. वि. | ५ | ३० | ३ | १० |
| ३० | जगन्नाथ प्रा. वि. (क) | ५ | २१ | २ | १०.५ |
| ३१ | जगन्नाथ प्रा. वि. (ख) | ५ | ९ | २ | ४.५ |
| ३२ | जनकल्याण मा. वि. | ५ | २२५ | १३ | १७.३१ |
| ३३ | ज्योति आ. विद्यालय | ५ | ६६ | १० | ६.६ |

| क्र. सं. | विद्यालयको नाम | वडा नं. | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | विद्यार्थी शिक्षक अनुपात (STR) |
|---|---|---|---|---|---|
| ३४ | पौलत्स्य मा. वि. | ५ | ९९ | १९ | ५.२१ |
| ३५ | सरस्वती प्रा. वि. | ५ | ९ | २ | ४.५ |
| ३६ | बरनाथ प्रा. वि. | ५ | ५६ | ४ | १४ |
| ३७ | वागेश्वरी प्रा. वि. | ६ | २१ | ३ | ७ |
| ३८ | विद्या मन्दिर प्रा. वि. | ६ | ५० | ५ | १० |
| ३९ | जामुनाखर्क मा. वि. | ६ | ३०५ | १५ | ३०.५ |
| ४० | थाकनपोखरी आ. वि. | ६ | ४२ | ९ | ४.६७ |
| ४१ | बेनी सामुदायिक मा. वि. | ७ | ८४९ | १६ | ५३.०६ |
| ४२ | दरुल उलुम नुरे महददी | ७ | ४० | १ | ४० |
| ४३ | प्रकाश मा. वि. | ७ | ६०७ | २३ | २६.३९ |
| ४४ | वालमन्दिर आ. वि. | ८ | ११५ | ६ | १९.१७ |
| ४५ | भवानी प्रा. वि. | ९ | २६ | २ | १३ |
| ४६ | भुमे प्रा. वि. | ९ | ४० | | |
| ४७ | ढोलथान प्रा. वि. | ९ | २६ | ३ | ८.६६ |
| ४८ | गलेश्वर मा. वि. | ९ | ३४१ | १६ | २१.३१ |
| ४९ | जडभरत प्रा. वि. | ९ | ३४ | ४ | ८.५ |
| ५० | पद्म बराह प्रा. वि. | ९ | २३ | ३ | ७.६७ |
| ५१ | राष्ट्रिय मा. वि. | ९ | २७३ | ७ | ३९ |
| ५२ | नरबुद्धि प्रा. वि. | ९ | २९ | ४ | ७.२५ |
| ५३ | स्याँलीखेत प्रा. वि. | ९ | १७ | ३ | ५.६७ |
| ५४ | बराह प्रा. वि. | ९ | ९ | २ | ४.५ |
| ५५ | विद्योदय आ. वि. | १० | ११ | ४ | २.७५ |
| ५६ | दीपक मा. वि. | १० | १४७ | ९ | १६.३३ |
| ५७ | ओखले प्रा. वि. | १० | ११ | ३ | ३.६७ |

स्रोतः जि.शि.कार्यालय, म्याग्दी, २०७४

## ५.९. स्वास्थ्य तथा पोषण

स्वास्थ्य तथा पोषणमा नेपालको संविधानले थुप्रै व्यवस्थाहरू गरेको छ विशेष गरी यो क्षेत्र अन्तर्गत उपलब्ध हुनुपर्ने सम्पूर्ण सेवा सुविधाहरूमा जनताहरूको नैसर्गिक अधिकार स्थापित गरिएको छ। तसर्थ स्वास्थ्य र पोषण पूर्ण रुपमा राज्यको दायित्व हो र हुनुपर्छ। नेपाल सरकारको स्थानीय तहमा यथाशक्य प्रत्येक वडाभित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने रणनीति र प्रत्येक प्रदेशमा एउटा शिक्षण अस्पताल निर्माण गरेर स्वास्थ्य र पोषणमा हरेक जनताको पहुँच कायम गराउने रणनीति समेटिएको छ। सोही अनुरुप यस नगरपालिकाले ५० शैयाको एक अस्पताल नगरपालिका केन्द्रमा निर्माण गर्नको लागि सम्पूर्ण पूर्वाधारका कार्यहरू सम्पन्न गरिसकेबाट नगरपालिकाको नेतृत्व जनस्वस्थ्यका सवालमा पूर्ण सचेत छ भन्ने चरितार्थ भएको छ। यसैगरी यस क्षेत्रमा पनि स्वास्थ्य चौकीहरू स्थापना हुने क्रममा छन्। यस क्षेत्रभित्र वस्ने अधिकांश घरपरिवारहरूले बिरामी हुँदा सरकारी अस्पतालको सेवामा निर्भर रहेका हुन्छन् भने केही मात्रामा निजी अस्पतालमा जाने गरेको पनि देखिन्छ। धामी, झाँक्री तथा झारफुक गर्ने चलन पनि यस क्षेत्रमा विद्यमान रहेको छ भने केही परिवारहरू कहीँ पनि नगई आफैँ ठिक हुन्छ भनी बस्ने गरेको पनि पाइएको छ।

यस शीर्षकभित्र अन्य उपशीर्षकहरू पनि समावेश गरिएका छन्, तिनीहरूलाई सिलसिलेवार रुपमा तल प्रस्तुत गरिएको छ।

## ५.१०. चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था

नगरपालिकाले उपलब्ध गराएको तथ्याङ्क अनुसार यस नगरपालिकामा स्वास्थ्यकर्मी ८४ जना रहेका छन् भने नगरपालिकाको स्वास्थ्य शाखासहित ७ वटा वडामा स्वास्थ्य चौकी रहेका छन्। चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सम्बन्धी विस्तृत विवरण तलको तालिकामा हेर्न सकिन्छ।

**तालिका ८२ : स्वास्थ्य संस्था सम्बन्धी विवरण**

| क्र.सं. | स्वास्थ्य सेवा | सङ्ख्या | बेड सङ्ख्या |
|---|---|---|---|
| १ | जिल्ला जनस्वास्थ्य कार्यालय | १ | |
| २ | बेनी अस्पताल म्याग्दी | १ | ५० |
| ३ | प्रसुती गृह | | |
| ४ | वाल अस्पताल | | |
| ५ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १ | |

| क्र.सं. | स्वास्थ्य सेवा | सङ्ख्या | बेड सङ्ख्या |
|---|---|---|---|
| ६ | आँखा उपचार केन्द्र | १ | |
| ७ | स्वास्थ्य चौकी | ७ | |
| ८ | सहरी स्वास्थ्य केन्द्र | २ | |
| ९ | सामुदायिक स्वास्थ्य इकाइ | १ | |
| १० | निजी अस्पताल | १ | |
| ११ | फार्मेसी | १ | |
| १२ | चिकित्सक सङ्ख्या | १२ | |
| १३ | चिकित्सक अनुपात | | |
| १४ | क्लिनिक | ८ | |
| १५ | बर्थिङ सेन्टर | ५ | |
| १६ | रक्तसञ्चार सेवा केन्द्र | १ | |
| १७ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने | ९६८ | |
| १८ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने | ९६६ | |
| १९ | सुडेनीवाट सुत्केरी गराउने | | |
| २० | भिसीटी केन्द्र सङ्ख्या | १ | |
| २१ | महिला स्वयम सेविका सङ्ख्या | ७२ | |
| २२ | परिवार नियोजन का ५ विधी र ३ विधिको सेवा उपलब्ध स्वास्थ्य संस्था सङ्ख्या | ७ | |
| २३ | बि.ओ.सी. (आधारभूत) | | |
| २४ | सि.ई.ओ.सी. (अपरेसन सेवा) उपलब्ध स्वास्थ्य संस्था | १ | |
| २५ | गर्भवती जाँच पहिलो पटक | १४१७ | |
| २६ | गर्भवती जाँच चौथो पटक सम्म | ९१७ | |
| २७ | सुत्केरी पश्चात् जाँच गराउन आउने | १५३ जना | |

स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, म्याग्दी, २०७४

## ५.११. मातृशिशु स्वास्थ्य, पोषण र कुपोषण सम्वन्धी विवरण

मातृशिशु स्वास्थ्य स्वास्थ्य क्षेत्र भित्रको महत्वपूर्ण पाटो हो किनभने यसभित्र गर्भवती महिला, सुत्केरी महिला र नवजात शिशुदेखि ५ वर्षसम्मका बालबालिकाहरूको स्वास्थ्य सम्बन्धी कार्यहरू गरिन्छ। अर्थात् समाज सञ्चालनका महत्वपूर्ण वर्तमान र विगतको स्वास्थ्य यसमा जोडिएको हुन्छ। मातृशिशु स्वास्थ्यसँग पोषण पनि जोडिएको हुन्छ, गर्भ रहेको अवस्थामा र सुत्केरी अवस्थादेखि १००० दिनसम्म निजले खानुपर्ने आहार र पौष्टिक तत्व के के हुन् र त्यसलाई मात्रा अनुसार कसरी सेवन गर्ने सम्बन्धी तालिका नै बनाएर राखिएको हुन्छ। तसर्थ हरेक देशमा मातृशिशु स्वास्थ्य विशेष रुपमा राखेर सुरक्षित उपचार पद्धति अपनाइएको हुन्छ। यस सम्बन्धी तथ्याङ्क तलको तालिकमा विस्तृत रुपमा दिइएको छ।

**तालिका ८३ : गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण सम्बन्धी विवरण (आ.व.२०७१/२०७४)**

| सूचकाङ्कहरु | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
|---|---|---|---|
| २ वर्ष भन्दा मुनिको वृद्धि अनुगमन (पटक) | ३३८८ | २६५२ | ३२५५ |
| गर्भवती महिलाहरुका लागि आइरन चक्की वितरण (जना) पहिलो पटक | ९१४ | ८९६ | १२७७ |
| गर्भवती महिलाहरुले प्राप्त गरेको जुकाको औषधी (जना) | ९०८ | ९०८ | ९९६ |
| सुत्केरी भएका महिलाहरुका लागि भिटामिन ए वितरण (जना) | ७७७ | ८६९ | ७८२ |
| ६ महिनादेखि ५ वर्षसम्मका बच्चाहरुलाई खुवाएको भिटामिन ए (जना) | २४४९ | १७८१ | १६८७ |
| १ देखि ५ वर्षसम्मका बच्चाहरुलाई खुवाएको जुकाको औषधी (जना) | २२७८ | ११८६ | १११७ |

स्रोतः जिल्ला स्वास्थ्य कार्यालय, म्याग्दी, २०७४

## ५.१२. रोगको प्रकार र अवस्था

यस नगरपलिकाका विभिन्न वडाहरूमा रहेका स्वास्थ्य चौकीहरूमा गई बहिरङ्ग सेवामार्फत् उपचार गराउने जनसङ्ख्यामध्ये सबैभन्दा धेरै सर्जिकल समस्या १२१३, चोटपटक र टाउको दुखाइ ११६५, माथिल्लो श्वासप्रश्वास सम्बन्धी सङ्क्रमण ११२४, ग्याष्ट्रिक १०९३ जना रहेको देखिन्छ । अन्य विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका ९८ : एक वर्षभित्र बिरामी भई स्वास्थ्य चौकीमा उपचार गराउने जनसङ्ख्या विवरण**

| बहिरङ्ग सेवा र रोगको प्रकार | सङ्ख्या |
|---|---|
| पुराना बहिरङ्ग सेवा प्राप्त (दोहोरिएको) | १६१४ |
| बहिरङ्ग सेवा सर्जिकल समस्या | १२१३ |
| बहिरङ्ग सेवा अन्य रोग, चोटपटक र टाउको दुखाइ | ११६५ |
| बहिरङ्ग सेवा अन्य सरुवा रोग, माथिल्लो श्वासप्रश्वास सम्बन्धी सङ्क्रमण (URTI) | ११२४ |
| बहिरङ्ग सेवा अन्य रोगहरू, चोटपटक र ग्याष्ट्रिक (APD) | १०९३ |
| बहिरङ्ग सेवा- नाक, कान, घाँटी- टन्सिल | ७८३ |
| बहिरङ्ग सेवा अन्य सरुवा रोग, तल्लो श्वासप्रश्वास सम्बन्धी सङ्क्रमण (LRTI) | ६८९ |
| बहिरङ्ग सेवा- रोगहरू र चोटपटक, ज्वोरो (कारण थाहा नभएको) | ६०९ |
| बहिरङ्ग सेवा- हाडजोर्नी- लड्ने, चोटपटक र हाड भाँचिने | ६०३ |
| बहिरङ्ग सेवा- आँखा पाक्ने | ४१५ |
